प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २३७ काठमाडौं बुधबार, ११ पुस २०८० Prabhab National Daily Wednesday, December 27, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–

# ‘उत्साह जगाउने काम भएन’

■ जेबी योञ्जन

**काठमाडौं–** विपक्षी दलहरूले गठबन्धन सरकार पूरै असफल भएको दाबी गरेका छन् । नयाँ जनादेशका आधारमा गठित सरकारले एक वर्षमा देश र जनताको पक्षमा केही काम गर्न नसकेको भन्दै सरकार ‘असफल’ भएको ठम्याइ विपक्षी दलहरूले गरेका हुन् । सरकार असफल हुँदा सरकारप्रति जनता निराशसमेत भएको टिप्पणी विपक्षी दलहरूको छ ।

मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहालले एक वर्षे कार्यकालको फेहरिस्त सार्वजनिक गरेपछि प्रमुख विपक्षी दल नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले दाहाल सरकारको एक वर्ष उत्साहजनक नभएको टिप्पणी गरे । वैदेशिक मुद्रा सञ्चिति बढ्दैमा अर्थतन्त्र सुध्रिएको भन्न पनि नमिल्ने उनको तर्क छ ।

‘सरकारको यो उत्साहजनक वर्ष भएन । तर, एउटा इन्डिकेटर पोजिटिभ छ । त्यो भनेको वैदेशिक मुद्राको सञ्चिति पर्याप्त छ । पछिल्लो तथ्यांक हेर्दा १७ खर्ब छ,’ उनले प्रभावसँग भने, ‘यही देखाएर अर्थतन्त्र सुधार छ भनेर बसिरहेको छ सरकार । तर, मैले के देख्छु भने पैसा खर्च नभएर सञ्चिति बढेको हो ।’

प्रधानमन्त्री दाहालले अर्थतन्त्र सुधारोन्मुख रहेको तर संकटग्रस्त नै नभएको बताएका छन् । अर्थमन्त्री डा. प्रकाशशरण महतको चाहिँ अर्थतन्त्रमा सुधार भएको दाबी छ । देशको अर्थतन्त्रबारे यसरी प्रधानमन्त्री र अर्थमन्त्रीको परस्परविरोधी अभिव्यक्ति आइरहेका छन् । पूर्वअर्थमन्त्रीसमेत रहेका पाण्डेले विदेशी मुद्रा सञ्चिति बढेकोबाहेक अर्थतन्त्रका बाँकी सूचकांकहरूमा कुनै सुधार नभएको बताए । उनका अनुसार अर्थतन्त्र संकटग्रस्त नै छ । त्यही भएर एक वर्षसम्म पनि अर्थतन्त्र चलायमान हुन सकेन । पाण्डेको यो भनाइमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डोलप्रसाद (डिपी) अर्याल पनि सहमत छन् । उनले दाहाल सरकारको पहिलो वर्षलाई आर्थिक मन्दीको वर्ष भनेर टिप्पणी गरे ।

(क्रमशः पृष्ठ २ मा)



सरकार सुरुमा केही मानिस गिरफ्तार गरेर भ्रष्टाचार नियन्त्रण गर्छु भनेर प्रचारवाजीमा रमायो । जुन ‘स्टन्टबाज’ हो । यसलाई छोडौं । बरू, यस्तो किसिमको प्रणाली स्थापित गरौं, जहाँ हरेक भ्रष्टाचार गर्ने मान्छे समातिउन् । भ्रष्टाचार गर्नै नसकून् ।

■ **सुरेन्द्र पाण्डे**
उपाध्यक्ष, नेकपा एमाले



नेपाली जनतालाई थाहा छ कि अर्थतन्त्र अहिले पनि संकटमै छ । संकटमोचनका लागि योजना ल्याउने काम सरकारको हो । तर, सरकार यहीँ चुक्यो ।

■ **डोलप्रसाद अर्याल**
उपसभापति, रास्वपा



मूल्यवृद्धिले आकाश छोइसक्यो । भ्रष्टाचार चरमसीमामा छ । बेरोजगारी त कुरै गर्नुपरेन । अर्थतन्त्र चलायमान छैन । अलिकति बैंकको ब्याजमा केही कमी गर्न खोजेको देखिन्छ । अरू के छ र ?’

■ **बुद्धिमान तामाङ**
उपाध्यक्ष, राप्रपा

## दाहालको आत्मसमीक्षा

# हुटहुटीअनुसारको परिणाम आएन

- देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु । यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिने छ
- यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दै छु । सिंगो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुने छ
- कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरु फिर्ता बोलाइने छ
- संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रस्ट र इमान्दार खाकासहित उपकुलपतिमा दाबी गर्न सक्ने छन्
- अब पूर्वाधारमा कम्तीमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म ‘ब्यारेक मोडल’मा लैजाने गरी मैले नीतिगत र व्यवहारिक छलफल गरिरहेको छु
- योग्यता पुगेका ‘स्टार्ट अप’लाई पाँच वर्षका लागि दुई प्रतिशत ब्याजदरमा ५० लाख रूपैयाँसम्म ऋण दिने व्यवस्था मिलाइने
- कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्नसक्ने अवस्था र मनस्थितिमा छैन । कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ
- आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिककोसमेत पर्याप्त सुझाव लिने गरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्ने तयारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको नेतृत्व गरेको वर्ष दिन पुगेको छ । यसै उपलक्ष्यमा दाहालले मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जनताको नाममा सम्बोधन गरे ।

अघिल्लो पुस ११ गते तेस्रोपटक प्रधानमन्त्री बनेका दाहालले यो एक वर्षमा उपलब्धिमूलक काम गर्न नसकेको स्वीका गर्दै अब परम्परा तोडेर अघि बढ्ने बताए । दाहालले सुशासन र विकासका लागि परम्परा तोडेर आफू प्रस्तुत हुने बताएका छन् । दाहालले आफू अब बिहान १० बजे नै सिंहदरबारमा उपस्थित भएर आफ्नो कार्यशैली बदल्ने उद्घोष गरेका छन् ।

### सरकारको कार्यशैली बदल्ने प्रण

प्रधानमन्त्री दाहालले सम्बोधनका क्रममा आफू सफल पनि हुन नसकेकोले आत्मसमीक्षमा उभिएको बताए । ‘आज म यो सम्बोधनबाट देशवासीसामु स्वीकार गर्दछु कि सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन,’ उनले भने, ‘म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधारको चिन्तामा छु ।’

आफू अहिले देश कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षमा रहेको दाहालको भनाइ छ । ‘देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु । यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिने छ,’ दाहालले भने, ‘केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु । सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुने छ ।’ दाहालले यही साता प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्ने जनाएका छन् ।

### बिजुली बेच्ने सपना

प्रधानमन्त्री दाहालले हाइड्रोमार्फत अब नेपालले धन आर्जन गर्ने समय धेरै टाढा नरहेको सम्बोधनमार्फत बताएका छन् । ‘भारतसँग मात्रै नभएर बंगलादेशसँग पनि हामी विद्युत् व्यापारको एकदमै नजिक पुगेका छौं । नेपालबाट बंगलादेशमा ४० मेगावाटसम्म विद्युत् निर्यात गर्न त्रिदेशीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुँदै छ,’ दाहालले भने ।

चीन भ्रमणको क्रममा नेपाल चीन जोड्ने चिलिमे-केरुङ २२० केभी प्रसारणलाइन अगाडि बढाउने सहमति भएकोसमेत उनले बताए । यस वर्षमात्रै ५४१ मेगावाट बिजुली थप भए पनि आफू सन्तुष्ट नभएको दाहालको भनाइ छ । उनले सम्बोधनका क्रममा आफ्नो एक वर्षको उपलब्धिलाई आठ दशकमा नभएको उपलब्धि भएको दाबी गरे । ‘विगतका हिसाबले यो एक वर्ष करिब ८० वर्ष बराबर हो । तर, मैले यसमा सन्तोष मानेको छैन । मेरो विश्लेषणमा हामीसँग यस क्षेत्रमा भएको सम्भावनाको तुलनामा यो साह्रै सानो उपलब्धि हो,’ दाहालले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## प्रधानमन्त्री दाहालको घोषणा

# वैदेशिक रोजगार प्रक्रियालाई पूर्ण अनलाइन बनाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीको प्रक्रियालाई पूर्ण अनलाइन प्रणलीमा लैजाने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले मंगलबार आफ्नो एक वर्षे कार्यकालको उपलब्धि सार्वजनिक गर्नेक्रममा उक्त घोषणा गरेका हुन् । साथै, यो प्रक्रियालाई बैंकिङ प्रणालीसँग जोड्ने पनि उनले उद्घोष गरे । राहदानी वितरणसमेत अनलाइनबाटै गर्ने व्यवस्था गर्ने प्रधानमन्त्री दाहालले बताए ।

प्रधानमन्त्री दाहालले एक वर्षमा श्रम र रोजगारसँग सम्बन्धित सीप विकास, उद्यमशीलता, आप्रवासन, रोजगारलगायतका सबै प्रकारका सेवाहरू एकद्वार र एकीकृत रूपमा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट प्रदान गर्न सफल भएको बताए । उनले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई दिइँदै आएको दुई वर्षे श्रम स्वीकृतिको सीमालाई परिमार्जन गरी सम्बन्धित मुलुकको करार अवधिबमोजिम नै श्रम स्वीकृति दिने व्यवस्था गरिएको बताए । यतिमात्र नभई श्रमिकको सहजीकरणका लागि सम्बन्धीत मुलुक हेर्ने विदेशस्थित नियोगबाटै पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्थासमेत गरिएको उनले उल्लेख गरे ।

‘स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीका क्रममा मृत्युवरण गर्न पुगेका १० हजार ४२ जना मृतकका परिवारलाई आर्थिक सहायता प्रदान गरिएको छ,’ प्रधानमन्त्री दाहालले भने, ‘अंगभंग वा बिरामी भएका ४१५ कामदारलाई आर्थिक सहायता प्रदान गर्ने र वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका सन्ततिहरूमध्ये दुई हजार ९५६ जनालाई छात्रवृद्धि प्रदान गर्ने कार्यमा सहजीकरण गरिएको छ ।’

सेवाग्राहीले रोजगारसम्बन्धी सम्पूर्ण सेवा आफ्नो स्थानीय तहबाट नै प्राप्त गर्ने बताउँदै वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने वैदेशिक रोजगारसम्बन्धी कार्यलाई पूर्णरूपमा अनलाइन प्रणालीको व्यवस्था गरिएको प्रधानमन्त्री दाहालले बताए ।

यस अवधिमा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गई बिचल्लीमा परेका १५६ जना श्रमिकको उद्धार गरिएको पनि बताए । यस्तै वैदेशिक रोजगारीको सन्दर्भमा हुने ठगीलगायतका गुनासाहरू समयमै सम्बोधन नभइरहेको अवस्थामा गर्न ‘इमिडिएट रेस्पोन्स टास्क फोर्स’ (आइआरटिएफ) गठन गरी कामदारको समस्या तत्काल सुनुवाइ गर्ने व्यवस्था गरिएको प्रधानमन्त्री दाहालले जानकारी दिए । मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली (आरआरटी) गठन गरी कामदारहरूको राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाइएको उनको भनाइ छ । वैदेशिक रोजगारीमा रहेका वा स्वदेशभित्रै पनि वैदेशिक रोजगारीको नाममा ठगिएका व्यक्तिहरूको समस्या तथा गुनासो सुन्न श्रम मन्त्रालयले चौबीसै घण्टा कल सेन्टर सञ्चालनमा ल्याएको पनि जानकारी दिए ।

यसैगरी प्रधानमन्त्री दाहालले उपलब्धिकै रूपमा वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्या समाधानका लागि परामर्श उपलब्ध गराउन गत वर्ष चैत १५ गतेदेखि टेलिमेडिसिन सेवा सञ्चालन गरिएको बताए । साथै, स्वदेशमा नै उद्यमशिलता प्रवर्द्धन गर्ने उद्देश्यले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई पुनःएकीकरण कार्यक्रम लागू गरिएको बताए । उनले चालु आर्थिक वर्षमा २५ हजार व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने लक्ष्यसहित कोशी प्रदेश र मधेस प्रदेशबाट १०/१० गरी २० वटा स्थानीय तहहरू छनोट गरी पुनःएकीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको बताए ।

उनले वैदेशिक रोजगारमा जाने श्रमिक, विदेशमा स्वरोजगारमा रहेका व्यक्ति, स्वदेशभित्र अनौपचारिक क्षेत्र र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समावेश गर्ने कार्यको सुरुआत भएको बताए । हालसम्म औपचारिक क्षेत्रमा रहेका चार लाख ६४ हजार ७२१ जना, वैदेशिक रोजगारीमा रहेका चार लाख ९४ हजार २ ९२ जना, अनौपचारिक क्षेत्रमा रहेका तीन जना र स्वरोजगारमा रहेका ३४ जना गरी जम्मा नौ लाख ५९ हजार ५० जना व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको प्रधानमन्त्री दाहालले सम्बोधनको क्रममा बताए ।

त्यस्तै वैदेशिक रोजगारीको क्षेत्रलाई फराकिलो पार्ने र नेपालीहरूको रोजगारको गन्तव्य युरोप केन्द्रित गर्ने सरकारको लक्ष्यअनुरूप नेपालले रोमानियासँग गरेको द्विपक्षीय श्रम समझदारी र जर्मनी सरकारसँग दक्ष श्रम आप्रवासन तथा ज्ञान आदान-प्रदानसम्बन्धी संयुक्त घोषणापत्रमा गरिएको हस्ताक्षरलाई प्रधानमन्त्री दाहालले उपलब्धि मानेका छन् ।



## पृष्ठ १ बाट क्रमशः

### हुटहुटीअनुसारको परिणाम...

#### गेमचेञ्जर आयोजनामा सरकारको ध्यान

प्रधानमन्त्री दाहालले सरकार गेम चेञ्जर ठूला जलविद्युत् आयोजनामा केन्द्रित भएको बताए । भारत, बंगलादेश र चीनसमेत नेपालको विद्युत् व्यापारका साझेदार बन्ने परिस्थिति तयार भएको दाबी दाहालको छ । 'तीन वर्षभित्र सम्पन्न गर्ने गरी नेपाल विद्युत् प्राधिकरणबाट १० हजार ८०० मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको थप अध्ययन सुरु भएको छ,' दाहालले भने, 'एक हजार ९०२ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको छ। हाल कार्यान्वयनमा रहेको ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् आयोजनालाई मैले सीधै पनि सहजीकरण गरिरहेको छु भने एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरूण आयोजनालाई लगानी जुटाउने कार्य अन्तिम चरणमा पुगेको छ।'

#### विकासका लागि 'ब्यारेक मोडल'

पछिल्ला दिनमा वन ऐनका कारण विकासमा अवरोध देखिएको छ । प्रधानसेनापति प्रभुराम शर्माले पनि वनकै कारण काठमाडौं-तराई द्रुत मार्ग (फास्ट ट्र्याक)मा ढिलाइ भएको बताएका थिए ।

यस विषयलाई सम्बोधन गर्न आफूले ब्यारेक मोडल अपनाउने दाहालले प्रतिबद्धता जनाएका छन् । 'वनको भोगाधिकार र जग्गाप्राप्तिमा जटिलता छन् । नागरिकको जग्गाप्राप्तिमा पनि थुप्रै समस्या छन्,' उनले भने, 'अब म एक-एक वटा कामलाई बेग्लाबेग्लै डालोमा राख्ने अनि समस्याको जरो छाडेर हाँगा छिमोल्ने गल्ती गर्दिनँ, बरु कार्यतालिका र समयतालिका नै बनाएर र सबै सरोकारवालालाई एक ठाउँमा राखेर समग्र पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलताको दीर्घकालीन हल खोज्छु ।' समयमा आयोजना पूरा नहुँदा नकारात्मक भाष्यमात्र नबनेको बरु लागत बढेको र जनताले ठूलो सास्ती खेप्नुपरेको उनले उल्लेख गरे । 'अब पूर्वाधारमा कम्तीमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म 'ब्यारेक मोडल'मा लैजाने गरी मैले नीतिगत र व्यावहारिक छलफल गरिरहेको छु,' उनले भने । दाहालले ८० को दशक तीव्र विकासको दशक' भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढंगले फड्को मार्नैपर्ने बताए ।

विश्वविद्यालयमा राजनीनिक भागबण्डा बन्द गर्ने

प्रधानमन्त्री दाहालले अब विश्वविद्यालयमा राजनीतिक भागबण्डा नहुने दाबी गरेका छन् । त्रिभुवन विश्वविद्यालयमा उपकुलपति नियुक्ति राजनीतिक संलग्नताका आधारमा हुँदै आएका छन्। यो संस्कार आफूले अन्त्य गर्ने दाहालको दाबी रहृयो। 'संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रस्ट र इमान्दार खाकासहित उपकुलपतिमा दाबी गर्न सक्ने छन्,' दाहालले भने, 'अब मेरिटोक्रेसी सुरु हुने छ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानबिन्दु बन्ने छ ।' नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पुँजी पनि पलायन हुने डरलाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चाल्नेसमेत उनले बताए ।

#### शासकीय सुधारमा प्रतिबद्धता

प्रशासनिक सुधार नहुँदा शासन व्यवस्थाप्रति वितृष्णा बढ्दो छ । यस विषयमा पनि प्रधानमन्त्री दाहालले सम्बोधन गरेका छन् । 'नागरिक जहाँ-जहाँ राज्यसँग ठोकिन्छन्, ती सबै बिन्दुमा शासकीय सुधार मेरो प्रतिबद्धता हो,' दाहालले भने । स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोटयाइने उनले बताए । राहदानी छपाई कार्यलाई प्रतिस्पर्धाका आधारमा अघि बढाइने बताइएको छ । दाहालले कार्यक्षमता कमजोर भएका राजदूतहरूलाई फिर्ता बोलाउनेसमेत जनाएका छन् । 'कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरू फिर्ता बोलाइने छन्,' दाहालले भने ।

#### 'स्टार्ट अप'लाई ५० लाख ऋण

प्रधानमन्त्री दाहालले गैरसरकारी स्रोतलाई च्यालेञ्ज फण्डमा राखेर परिचालन गर्ने बताएका छन् । सूचना प्रविधि क्षेत्रमा आफ्नै तत्परतामा हजारौं युवाहरूले झण्डै ७० अर्ब रूपैयाँ यसै वर्षमात्र देशमा ल्याएको उल्लेख गर्दै दाहालले भने, 'अब म उनीहरूसँग नियमित संवादमा बस्छु, उनीहरूलाई अवरोध पुगेका सबै गाँठा फुकाउँछु र परिणाममुखी संयन्त्र बनाउँछु । देश किन सोचेजति अघि गएन भने हामीले उद्यमशीलताको विकास गर्न सकेनौं भन्ने समीक्षा गरी अब म उद्यमशीलताको माध्यमबाट आर्थिक उन्नति र रोजगारीको घोषणा गर्दछु ।'

दाहालले स्टार्ट अप व्यवसायीलाई ५० लाख रूपैयाँसम्म ऋण दिने व्यवस्थासमेत गर्ने बताए । 'सबै किसिमका नीति, कानुन र स्रोतलाई उद्यमशीलताको दिशामा उन्मुख गराउन तत्काल एकीकृत रणनीति बनाइँदै छ । गैरसरकारी क्षेत्रका स्रोतलाई एउटै बास्केटमा राखेर परिचालन गर्ने रणनीति बन्दै छ भने सबै किसिमका स्रोतलाई 'च्यालेञ्ज फण्ड' मा राखेर परिचालन गरिँदै छ । यस आर्थिक वर्षभित्र उद्योग मन्त्रालयबाट योग्यता पुगेका स्टार्ट अपलाई पाँच वर्षका लागि दुई प्रतिशत ब्याजदरमा ५० लाखसम्म ऋण दिने व्यवस्था मिलाइँदै छ,' दाहालले भने, 'नागरिकमा उद्यमशील सोच जगाउन विद्यालयदेखि विश्वविद्यालयसम्म समुदायका यथार्थ र सम्भावनासँग जोडिएको प्रविधिउन्मुख पाठ्यक्रम पनि तयार गरिँदै छ ।'

#### संघीयता कार्यान्वयमा जोड

प्रधानमन्त्री दाहालले संघीयता कार्यान्वयनमा जोड दिएका छन् । संघीयतापछि प्रशासनिक खर्च बढेको विषय अफवाहमा भएको उल्लेख गर्दै अहिलेभन्दा एकात्मक व्यवस्थामा जनप्रतिनिधि धेरै भएको तथ्य प्रस्तुत गरे । 'एकात्मक राज्य व्यवस्थामा कूल एक लाख ५५ हजार ८६२ जनप्रतिनिधि थिए भने अहिले जम्मा २८ हजार ४५३ जनप्रतिनिधि छन्,' दाहालले भने ।

अधिकार पाएनौं भनेर मुख्यमन्त्रीहरूको असन्तोष सुनेको उल्लेख गर्दै दाहालले आफू प्रदेश बलियो बनाएर लैजाने पक्षमा रहेको बताए । 'पछिल्लो समय प्रदेश मुख्यमन्त्रीहरूको असन्तोष मैले सुनेको छु र बुझेको पनि छु । म आज यही सम्बोधनबाट उहाँहरूलाई विश्वास दिलाउँछु, संघीयताका सबै गाँठा निकै छिटो फुकाइँदै छन्,' दाहालले भने, 'संघीयतालाई वास्तविकरूपमा नै कार्यान्वयन गर्न म प्रतिबद्ध र दृढ छु । यसका लागि जरूरी कानुन तुरुन्त ल्याउन म तयार छु ।'

#### आशा जगाउन नसके पदमा किन बसिरहने ?

प्रधानमन्त्री दाहालले जनतामा आशा जगाउन नसक्ने मन्त्रीले पदमा बसिरहन नमिल्ने बताए । 'म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु, हामीलाई असफल हुने छुट छैन,' दाहालले भने, 'कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्नसक्ने अवस्था र मनस्थितिमा छैन । हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं । कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ ।' यो नीति आफूमा पनि लागू गर्ने उनले बताए । 'देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरूरी छैन,' दाहालले भने ।

#### फागुनमै बजेट

सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनुपर्ने धारणा राखेका दाहालले अबको बजेट पर्याप्त छलफलपछि ल्याउने बताएका छन् । 'बजेट निर्माणको परम्परागत तरिकाले न प्राथमिकतापूर्ण योजनाहरूमा बजेट विनियोजन हुन सक्यो, न खर्चको सही आँकलन नै हुन सक्यो। यसको प्रत्यक्ष असर पुँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरहृयो । त्यसैले म नीति योजना र बजेट निर्माणको परिपाटी नै परिवर्तन गर्ने तयारीमा छु,' दाहालले भने, 'सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनैपर्छ ।

आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिकको समेत पर्याप्त सुझाव लिनेगरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेस गर्ने मेरो तयारी छ । त्यसमा प्राप्त सुझावसमेत समेटी नीति तथा कार्यक्रम र त्यसकै आधारमा बजेटलाई अन्तिम रूप दिने गृहकार्यमा म छु ।'

#### उत्साह जगाउने...

अर्थतन्त्र सुधार्न कुनै योजना सरकारले नल्याएको भन्दै आलोचनासमेत गरे । 'नेपाली जनतालाई थाहा छ कि अर्थतन्त्र अहिले पनि संकटमै छ । संकटमोचनका लागि योजना ल्याउने काम सरकारको हो । तर, सरकार यहीँ चुक्यो,' सांसदसमेत रहेका अर्यालले भने ।

अर्को विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि दाहाल सरकारको एक वर्षलाई उपलब्धिमूलक ठानेको छैन । पार्टी उपाध्यक्ष बुद्धिमान तामाङले अर्थतन्त्र चलायमान नभएको र मूल्यवृद्धिले आकाश छोएको बताए । 'मूल्यवृद्धिले आकाश छोइसक्यो । भ्रष्टाचार चरमसीमामा छ । बेरोजगारी त कुरै गर्नुपरेन,' सांसदसमेत रहेका तामाङले भने, 'अर्थतन्त्र चलायमान छैन । अलिकति बैंकको ब्याजमा केही कमी गर्न खोजेको देखिन्छ । अरु के छ र ?'

यसरी विपक्षी दलका नेताहरूले अर्थतन्त्र सुधार्न त्यसतर्फ सरकारको पहलकदमी नभएको टिप्पणी गरेका छन् । सुशासनको क्षेत्रमा सरकार 'स्टण्टबाज'मा रमाएको पनि उनीहरूको दाबी छ । जबकि, भ्रष्टाचार, तस्करीजस्ता आपराधिक गतिविधि नियन्त्रण गर्दै सुशासन कायम गर्न थिति बसाउनुपर्नेमा एमाले उपाध्यक्ष पाण्डेको जोड छ । त्यसका लागि कारोबार अनलाइन प्रणालीबाट गराउनुपर्ने उनको सुझाव छ । 'सरकार सुरुमा केही मानिस गिरफ्तार गरेर भ्रष्टाचार नियन्त्रण गर्छु भनेर प्रचारवाजीमा रमायो । जुन स्टन्टबाज हो । यसलाई छोडौं,' उनले भने, 'बरु, यस्तो किसिमको प्रणाली स्थापित गरौं, जहाँ हरेक भ्रष्टाचार गर्ने मान्छे समातिउन् । भ्रष्टाचार गर्नै नसकून । यसको मतलव अनलाइन कारोबारमा जानुपर्छ ।'

उनले चालु आर्थिक वर्षको पाँच महिना बित्दासम्म पुँजीगत बजेट कार्यान्वयनको स्थिति चिन्ताजनक रहेको बताए । यही अवस्था कायम रहे लक्ष्यअनुसार बजेट कार्यान्वयनमा सरकार चुक्ने पाण्डेलाई लागेको छ । यस्तो अवस्थामा पनि प्रधानमन्त्री भने सत्ता जोगाउनेमै केन्द्रित भएको पाण्डेको ठम्याइ छ । त्यसका लागि भारत पुगेर प्रधानमन्त्रीले जनैसँगै गेरुवस्त्र लगाएको आरोप लगाए ।

१० पुस २०७९ मा तेस्रोपटक प्रधानमन्त्री भएका दाहालले यसपटक देश र जनताको पक्षमा काम गर्ने हुटहुटी रहेको बताएका थिए । देशवासीले युगौंयुग सम्झिनेगरिका काम गर्ने उनको प्रतीज्ञा थियो । तर, दाहाल स्वयंले मंगलबार भने 'सरकार असफल त भएन तर मेरै हुटहुटीअनुसारको परिणाम आएन ।' यसका लागि उनले सरकारको कार्यशैली बदल्ने बताएका छन् । 'देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु । यही चिन्ता र आत्मसमीक्षाका साथ सार्वजनिक घोषणा गर्छु कि अब सरकारको कार्यशैली बदलिने छ ।'

दाहाल नेतृत्वको वर्तमान गठबन्धन सरकार १० पुस २०७९ मा गठन भएको हो । गठबन्धन सरकारको साझा न्यूनतम कार्यक्रम पनि यसअघि सार्वजनिक भएको थियो । तर, ती कार्यक्रमहरू सरकारको प्राथमिकतामा छैनन् । जसले गर्दा सरकारको एक वर्ष त्यति सन्तोषजनक नभएको प्रधानमन्त्रीकै स्वीकारोक्ति छ ।

## स्वास्थ्य बिमाको दायरा बढाउने प्रधानमन्त्रीको घोषणा



काठमाडौं (प्रस)– प्रधानमन्त्री पुष्पकमल दाहालले स्वास्थ्य बिमाको दायरा विस्तार गर्ने घोषणा गरेका छन् । सरकारले एक वर्ष पूरा भएको अवसरमा देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, '२०७४ सालमा म प्रधानमन्त्री हुँदा राष्ट्रिय स्वास्थ्य बिमा ऐन ल्याइएको हो, तर बिमा कार्यक्रम त्यसको भावना र व्यवस्थाअनुसार अघि बढेन । अब यसलाई सुधार्दै मैरै कार्यकालमा बनेको ऐनबमोजिम नागरिकको स्वास्थ्यमा पहुँचको संवैधानिक हकको 'ग्यारेण्टी' गर्ने काम उच्च प्राथमिकतामा हुने छ ।'

स्वास्थ्य बिमा ऐनबमोजिम बिमाको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत र प्रक्रियागत सुधार, बोर्डको क्षमता अभिवृद्धि, बलियो अनुगमन र मूल्यांकन संयन्त्र, बिमाको दायरामा वृद्धि र सबैको आबद्धता, उपचारका लागि अस्पताललगायत संरचना र सेवाको गुणस्तरमा व्यापक सुधार र जनशक्ति व्यवस्थापनका लागि सरकार तदारुकताका साथ लागिरहेको जानकारी दिँदै उनले बिमाको हालको रकमको दायरा बढाइने र आधारभूतबाहेक हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमहरूलाई समेत एकीकृत रूपमा स्वास्थ्य बिमामा आबद्ध गरिने प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्य बिमालाई केन्द्रमा राखी एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्डअनुसार स्वास्थ्य प्रणालीको विकासमा जोड दिइने पनि उनले स्पष्ट गरे ।

## जसपाको सांगठनिक प्रस्तावमाथि छलफल

काठमाडौं (प्रस)– जनता समाजवादी पार्टी (जसपा) नेपालको मंगलबार बसेको बैठकमा सांगठनिक प्रस्तावमाथि छलफल भएको छ ।

पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं संगठन विभाग प्रमुख र सात प्रदेश समितिका इन्चार्ज रहेको कार्यदलले तयार पारेको जिम्मेवारी बाँडफाँटको प्रस्तावमाथि छलफल भएको सो पार्टीका प्रचारप्रसार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

उनका अनुसार जसपाले यसअघि केन्द्रीय कार्यकारिणी समिति सदस्य र केही राजनीतिक समिति सदस्यलाई मात्र जिम्मेवारी तोकेको थियो । खासगरी पार्टीका ११९ राजनीतिक समिति सदस्यलाई विभाग तथा संयन्त्रमा जिम्मेवारी दिनेगरी तयार पारिएको प्रस्तावमा बैठकमा छलफल भएको जनाइएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७२/०४/२८ मा दर्ता भएको **दर्ता नं. १३८४६३।०७२।०७३ को साझा इन्भेष्टमेन्ट कम्पनी प्रा.ली.** को मिति २०७९/१०/१४ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः सुनिल रजौरे, इजाजतपत्र नं. ३८९, ठेगाना : अनामनगर, काठमाडौं फोन नं. ९८५१३०१६५५**



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AHMED SAAD FARHAN AL YAMANI FOUNDATION**

पूर्व स्वीकृति मितिः २०८०/०८/०९ | LT. No. 297052 | चलानी नं.: ६०२१२०४७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
Govt. License 226/058/059
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : JOB SUPPORT COOPERATIVE**

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No.296940 | चलानी नं. ६०२१२०३७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: YEN | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavation Labor | 2 | 0 | 2,00,000 | १,८७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : TAKEYAMA COMPANY LIMITED**

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | LT. No.296888 | चलानी नं. ६०२१२०३८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: YEN | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation Attend | 0 | 4 | 1,55,400 | १,४५,४६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।**

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
  (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
  (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
  १. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
  २. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
  ३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

  **नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।
- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
  १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
  द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुरको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/११ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १८ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, बाणिज्य तथा उद्योग, मन्त्रालय, वणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा मिति २०६७/०८/२० मा प्रा.फ.र.नं. १०४७/८५/०६७/०६८ दर्ता कायम रहेको महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको र हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं.०७ स्थित **काजल फैन्सी स्टोर्स** (प्रोप्राइटर राम औतार राउत/सम्पत देवीको नाती, विन्देश्वर राउत बर्रे/सुशिला देवीको छोरा, सुनिता कुमारी देवीको पति महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **शैलेन्द्र कुमार चौरसिया,** ना.प्र.नं. ९१०९३७८१ जारी मिति २०५६/०२/१४ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**
१. राम औतार राउत/सम्पत देवीको नाती, विन्देश्वर राउत बर्रे/सुशिला देवीको छोरा, सुनिता कुमारी देवीको पति महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **शैलेन्द्र कुमार चौरसिया** (ना.प्र.नं. ९१०९३७८१ जारी मिति २०५६/०२/१४ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।
२. मिथीला विहारी शरण राउत/मनतोरिया देवीको छोरी, विन्देश्वर राउत बर्रे/सुशिला देवीका बुहारी, शैलेन्द्र कुमार चौरसियाको पत्नी महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०७ बस्ने **सुनिता कुमारी देवी** (ना.प्र.नं. १८३०५३/४९४ जारी मिति २०६३/१०/११ जिल्ला प्रशासन कार्यालय महोत्तरी) ।

**लिलाम हुने सम्पतिको विवरण**
१. **शैलेन्द्र कुमार चौरसिया**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भेडियाही फुलकाहा गा.वि.स. वडा नं. ६क स्थित कित्ता नं १४२ को क्षेत्रफल ०-१२-९ (विगहा) जग्गा ऐ.ऐ. सून्दरपुर गा.वि.स. वडा नं. ५/क स्थित कित्ता नं। ३१० को क्षेत्रफल ०-५-५ (विगहा) जग्गा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **सुनिता कुमारी देवी**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तिखोर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं १०३० को क्षेत्रफल ०-०-१०-० (विगहा) जग्गा तथा धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ स्थित कित्ता नं २९१ को क्षेत्रफल ०-०-६-० (विगहा) जग्गा तथा धनुषा जिल्ला, बसविट्टी वडा नं. २ स्थित कित्ता नं २३५ को क्षेत्रफल ०-०-७-१० (विगहा) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुस १७ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुस १८ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय जनकपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० पुस १८ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जनकपुर फोन नं. ०४१– ५९९००९२/९३**



**उधौली उत्सव** | काठमाडौंको गोकर्णमा मंगलबार उधौली पर्व मनाउन जम्मा भएका किराँत समुदाय । *तस्बिरः मनिष राई/प्रभाव*

# जनशक्ति नहुँदा सञ्चालनमा आएन आइसियू

**तम्घास (गुल्मी)–** गुल्मी अस्पतालमा दुईवटा भेन्टिलेटरसहितको पाँच शयचाको सघन उपचार कक्ष (आइसियू) भवन निर्माण हुँदा पनि सञ्चालन हुन सकेको छैन । आइसियू सञ्चालनका लागि आवश्यक जनशक्ति नहुँदा विगत दुई वर्षदेखि भवनसमेत प्रयोगविहीन भएको छ ।

जिल्लाका नागरिकलाई तम्घासमै सर्वसुलभ स्वास्थ्य उपचार दिने उद्देश्यले आर्थिक वर्ष २०७७/७८ मा सघन उपचार कक्ष (आइसियू) भवनको निर्माण गरिएको थियो । भवन सञ्चालनमा नआउँदा एकातर्फ बिरामी आइसियूको सेवा लिन पाल्पा जान बाध्य छन् भने अर्कोतर्फ निर्माण गरिएका संरचना प्रयोग नभएर धुलाम्य बनेका छन् । 'भवनको बजेट परेका बेला दलका नेतालाई जस लिनको भ्याइनभ्याइ भयो, तर अहिले सञ्चालनमा कसैले चासो दिएनन्,' अस्पतालमा सेवा लिन आएका धुर्कोट गाउँपालिका-५ वस्तुका महेन्द्र भण्डारीले भने, 'छिटोभन्दा छिटो सञ्चालन गरेमा आइसियूको सेवा लिन पाल्पा वा बुटवल जानुपर्ने बाध्यता हट्ने थियो ।'

आइसियूको संरचना निर्माणमा हालसम्म ३५ लाख ५२ हजार ३६२ र उपकरण खरिदमा ६६ लाख २६ हजार ९२५ गरी कूल एक करोड एक लाख ७९ हजार २८७ रूपैयाँ खर्च भएको छ । प्रदेश सरकारअनुसार अस्पताल विकास समिति परिवर्तन हुने हुँदा त्यसको असर अस्पतालमा परेको छ ।

'पाँच शयचाको आइसियू सञ्चालनका लागि २५ जना दक्ष स्वास्थ्यकर्मीको आवश्यकता पर्ने भए पनि सबै जनशक्ति उपलब्ध छैन' । *रासस*

---

**भूकम्पपीडितलाई अस्थायी आवास**

# ११ हजार घर बन्यो, १० हजार अझै पालमै

**काठमाडौं–** जाजरकोट भूकम्पका ६७ हजारभन्दा बढी लाभग्राहीमध्ये मंगलबारसम्म ११ हजार ३३६ घर (अस्याथी आवास) निर्माण सम्पन्न भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त विवरणअनुसार अन्य १० हजार ११८ घर निर्माणाधीन छन् ।

अहिले धमाधम अस्थायी आवासका लागि अनुदानबापतको रकम सम्झौता गरी बुझ्ने र घर निर्माण जारी रहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए । उनका अनुसार जाजरकोटमा पाँच हजार २०२, रुकुमपश्चिममा पाँच हजार ७९८, सल्यानमा १९३, बझाङमा १३ र बाजुरामा १३० घर निर्माण सम्पन्न भइसकेका छन् ।



*फाइल तस्बिर*

पोखरेलले मंगलबारसम्म केन्द्रबाट अस्थायी आवासका लागि दुई अर्ब २६ करोड रूपैयाँ रकम जिल्ला विपद् व्यवस्थापन समितिमा पठाइसकिएको जानकारी दिए । त्यसमध्ये एक अर्ब ५३ करोड रूपैयाँ जिल्लाबाट स्थानीय तहमा पुगिसकेको छ । स्थानीय तहबाट प्रक्रिया पुगेका लाभग्राहीको खातामा भने ५८ करोड ७८ लाख रूपैयाँ रकम पठाइसकिएको उनले बताए । अहिलेसम्म जाजरकोटमा ३५ हजार १४०, रुकुम पश्चिममा २३ हजार ६०८, सल्यानमा एक हजार ७३०, बझाङमा चार हजार ५७६ र बाजुरामा दुई हजार ७२९ गरी कूल ६७ हजार ७८३ लाभग्राही कायम भएका छन् ।

अझै झण्डै ५० हजार लाभग्राहीसँग अनुदान सम्झौता हुन बाँकी रहेकाले त्यो काम जारी रहेको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख भरतमणि पाण्डेले बताए । उनका अनुसार सुरुमा अस्थायी आवासका लागि सेवा लिने लाभग्राहीको संख्या गति कम भए पनि अहिले भने बढिरहेको छ ।

लाभग्राहीको पहिचान हुँदै गएकाले संख्या थपिने क्रम बढेको भन्दै लाभग्राहीको संख्या ८० हजार पुग्ने अनुमान गरी सोहीअनुसार तयारी भइरहेको पाण्डेले जानकारी दिए । उनका अनुसार ८० हजार लाभग्राही हुँदा उनीहरूको अस्थायी आवासका लागि चार अर्ब ७५ करोड रूपैयाँ लाग्ने भएकाले सोहीअनुसार बजेट व्यवस्थापनको तयारीमा प्राधिकरण लागेको छ । त्यसमध्ये दुई अर्ब २६ करोड रूपैयाँ रकम पठाइसकिए पनि बाँकी रकमको जोहो गर्नुपर्ने उनको भनाइ थियो । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पले जाजरकोटसहित रुकुम पश्चिम, सल्यान, बझाङ, बाजुरामा क्षति पुऱ्याएको थियो । *रासस*

---

## सूचना

कामनपा-३१ शान्तिनगरमा बहालमा बस्ने भरत कुमार मंडल १ वर्षबाट मेरो घरमा बहालमा बस्दै आउनु भएको र ६ महिना देखिको बहाल रकम नतिरी कोठा बन्द राखि सम्पर्कमा नआएको हुदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रै मेरो बाकी बहाल रकम चुक्ता गरि कोठा खाली गरिदिनु होला, अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराइन्छ ।

घर धनी
मखमली मिश्र
कामनपा - ३२, शान्तिनगर
९८१३८८९५३४

## हबदाबी सम्बन्धी ३५ दिने सूचना

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/१४ मा दर्ता भएको प्रा.लि नं. १९७४११ कृपा सुपर स्टोर प्रा.लि. को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २२६ मंसिर ३० गते २०८० मा प्रकाशित **Chinari Overseas Pvt. Ltd.** को Lot No. **296320** को **Stella Lugenti Ladies Beauty Salon Company** कम्पनीको विज्ञापनमा **कुवेतमा वैदेशिक रोजगारको अवसर** तथा कामदारको मासिक तलब **(KD: 150)** ने.रु.६५,०६० हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

Chinari Overseas Pvt. Ltd.
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## जापानमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : JOB SUPPORT COOPERATIVE**

पूर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No.296939 | चलानी नं. ६०२१२०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 1,66,194 | १,५५,५६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।**

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242
E-mail :info@dninepal.com,Website:www.dninepal.com

---

**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**
श्री वीरेन्द्र अस्पताल
छाउनी, काठमाण्डौ

## बोलपत्र आह्वानको सूचना

**सूचना नं. २०८०/०८१/०९**

**(पहिलो पटक सूचना प्रकाशित मिति २०८०/०९/११ गते ।**

१. आ.व. २०८०/०८१ मा यस अस्पतालमा रहेको मेशिनरी सामानहरुको मर्मत सम्भार कार्यको **e-GP System** को माध्यमबाट खरिद गर्नको लागि यो ३० दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्रपत्र सम्बन्धी विवरण

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 02/NCB/Works/NA-BH/080/81 | मेशिनरी सामानहरुको मर्मत सम्भार | 1,06,000.00 | 3,000.00 | २०८०/१०/१२ गतेको १२०० बजे | २०८०/१०/१२ गतेको १३०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको **Website** मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।

---

**Government of Nepal**
**Armed Police Force, Nepal No. 7 Baiddhanath Brigade Headquarters, Attariya Kailali, Nepal**

## Invitation for Bids

**(IFB No: APF/NCB/G/03/2080/081)**
**Date of publication: 11th Poush, 2080**

1. Armed Police Force, Nepal No. 7 Baiddhanath Brigade Headquarters, Attariya Kailali, Nepal, Nepal electronic bids from eligible bidders for the procurement of below mentioned Goods under National competitive bidding Single Stage Two Envelope procedures specified in Public Procurement Act and Regulation.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Armed Police Force Nepal No. 7 Baiddhanath Brigde Headquarters, Attariya Kailali, Nepal Tel 9851272027 e-mail ***apfbaiddhanath.2016lekha@gmail.com*** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below mention respective Coloum.

   ***Information to deposit the cost of bidding document in Bank:***

   **Name of the Bank:** Rastriya Banijya Bank Limited Kailali Branch
   **Name of Office:** Armed Police Force, Nepal No.7 Baiddhanath Brigde Headquarters, Attariya Kailali.
   **Office Code no.:** 314057704
   **Revenue Account no.:** 1270100102030000 **Rajaswa (Revenue) Shirshak no.:** 14229
5. Pre-bid meeting shall be held at Armed Police Force, Nepal No. 7 Baiddhanath Brigde Headquarters, Attariya Kailali, Nepal at 13:00 hrs. 04th Magh, 2080.
6. Electronic bids must be submitted to the office of The Armed Police Force, Nepal No. 7 Baiddhanath Brigde Headquarters, Attariya Kailali, Nepal through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00** hrs. on 12th Magh, 2080. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs. on 12th Magh, 2080, at the office of Armed Police Force, Nepal No. 7 Baiddhanath Brigde Headquarters, Attariya Kailali, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum below mentioned respective coloum. This shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts are as follows:

| S.N. | Contract ID No. | Name of Procurement | Bid security Amount and Minimum Validity date | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| 1. | APF/NCB/G/03/2080/081 | Low Bed | NRs.77,000/- Date: 2081/01/13 | NRs 3,000/- |

---

**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८०/०९/११**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व २०७९/०८० वार्षिक वजेट अनुसार मिति २०८०/०८/११ गते को राष्ट्रिय दैनिक पत्रिका र PPMO e–GP System को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/BRMO/SQ/W-01/2080-81 | Chyangchung-Chharekhola Road Construction | श्री सन्तोकष निर्माण सेवा, मोर (वाड- ५, रुकुम | रु. ७,७७,२८३,६३।- ( सात लाख सतहत्तर हजार दुई सय त्रियासी रुपैया त्रिसट्ठी पैसा मात्र) |
| २ | EGP/BRMO/SQ/W-02/2080-81 | Bahunkatina-Masina-Gagrafute-Taral-Dondre-Markota-Sagubot Road Construction | श्री प्रभात निर्माण सेवा प्रा.लि, मुसिकोट न.पा.-५, रुकुम (पश्चिम) | रु. १०,१४,३८३,९३।- (दश लाख चौध हजार तीन सय त्रिरासी रुपैयां त्रिनाब्बे पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# पद जोगिनु नै सफलता ?

प्रधानमन्त्री पुष्पकमल दाहाल तेस्रोपटक प्रधानमन्त्री भएको वर्ष दिन पूरा भएको छ । आर्थिक संकटमा देश फसेको बेला प्रधानमन्त्री बनेका दाहालको अगाडि विकास, सुशासन, संघीयता कार्यान्वयन, कानुन निर्माणका चाङका चाङ विषय थिए । यो भन्दा ठूलो चुनौती दाहाललाई नेतृत्व जोगाउनु थियो । तेस्रो दल भए पनि सत्ताको नेतृत्व हत्याएका दाहालले कुर्सी जोगाउन एमालेको काँधबाट उफ्रेर कांग्रेसको काँधमा आउनुपरेको थियो ।

कांग्रेससँग दाहालको अहिले केमेस्ट्री मिलेर होला, सत्ता टिकिरहेकै छ । त्यसैले मन्त्री हेरफेरमा कडै रूपमा प्रस्तुत हुन्छु भनेर चेतावनी दिएका दाहालले जनताको नाममा सम्बोधन गर्ने क्रममा यिनै मन्त्रीहरूमाथि कृतज्ञता जनाएका छन् । सुरूमा घुमाउरो पारामा मन्त्रीहरूमाथि घुर्की लगाए पनि सम्बोधनको अन्त्यमा भनेका छन्, 'गठबन्धन सरकार भन्नेबित्तिकै ठूलो तानातानी, अस्थिरता र अराजकताको चित्र आउँछ तर म गठबन्धनका सबै घटक र नेतृत्वप्रति आभारी छु किनकि अहिले न स्थायित्वमा कुनै प्रश्न छ, न सरकारमा कुनै तानातानी । यो एक वर्षको साथका लागि सरकारका सबै मन्त्री, कर्मचारी प्रशासन, नागरिक समाज, सञ्चारजगत र जनसमुदायमा म कृतज्ञता ज्ञापन गर्दछु ।'

दाहाल आफैंले पनि सरकारले खासै काम गर्न नसकेको अस्पष्ट शब्दमा भनेका छन् । त्यसैले उनले बेलाबेला मन्त्रीहरूसँग रिपोर्ट कार्ड माग्थे । तर मन्त्रीहरू पनि के कम ? कानुन र बजेट देखाउँदै प्रधानमन्त्रीमाथि उल्टै भोक्किन्थे । यस्तो अवस्थामा दाहालले आफ्नो पद जोगाइराख्नबाहेक वर्ष दिन खासै केही काम गर्न सकेनन् । कूटनीतिक सफलता भनेर दाहालको रटान त सुनिन्छ, तर धेरै समय उनले विदेश भ्रमणमा समय विताए । आफ्नो पालामा केही नभएपछि आफू जोगिन दाहालले प्रधानमन्त्री कार्यालयको कार्यशैली फेरिने बताएका छन् । प्रधानमन्त्री सचिवालयमा चर्को खर्च भएपछि आरोप खेपेका दाहालले साता दिनभित्र संरचना फेर्ने दाबी सम्बोधनमा पेस गरेका छन् ।

प्रशासनमा हेर्दा प्रधानमन्त्री कार्यालयमा पाँच जना सचिव कामविहीन अवस्थामा छन् । सचिवालय भद्दा बनाइएको छ । तिनको काम राजनीतिक गफ दिनेबाहेक केही छैन । काम नपाएपछि राजनीतिक सल्लाहकारका रूपमा नियुक्त हरिबोल गजुरेलले राजीनामा दिइसकेका छन् । सुरुका दिनमा भ्रष्टाचारविरुद्ध जेहाद छेड्ने शैलीमा प्रस्तुत भए पनि दाहाल सरकारका गृहमन्त्री नारायणकाजी श्रेष्ठ अहिले गुमनाम छन् । सरसर्ती हेर्दा प्रधानमन्त्री दाहाल एक वर्ष सत्ता जोगाउन सफल भएका छन् । के सत्ता जोगाउन सक्नु नै सफलता हो त ? पक्कै पनि होइन, जनतामा आशा जगाउन नसक्नु अझ ठूलो असफलता हो ।

## मननयोग्य

### चाणक्य नीति

गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो । यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए । चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक । साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन ।'

'त्यो स्याललाई हामीले अभयदान दिएका थियौ ।

फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस । हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् । अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो । यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणस्यले 'जय' को आशीर्वाद दिदै रणनीतिसम्बन्धी गूढ° परामर्श पनि उनलाई तत्काल दिए ।

सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढ॰ी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखों पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्याँसपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा ।

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर । आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं बुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो बोल्दैन । क्रमशः

# 'अन्तर्राष्ट्रिय सम्बन्धमा व्यापक सुधार आएको छ'

गत वर्ष भएको प्रतिनिधिसभाको निर्वाचनपश्चात् प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको छ । यस अवधिका खासगरी नेपालले छिमेकीसँगको सम्बन्ध, कूटनीतिक र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा सन्तुलन र परिपक्व व्यवहार प्रदर्शन गरेको देखिएको छ । अझ यस अवधिमा नेपालमा विभिन्न ऐतिहासिक उच्चस्तरीय भ्रमण हुनुका साथै नेपाल सरकारका तर्फबाट समेत अन्तर्राष्ट्रियरूपमा प्रभावकारी र फलदायी भ्रमण भएका छन् । प्रस्तुत छ, यसै सन्दर्भमा केन्द्रित रहेर ***रासस***का समाचारदाता **भीष्मराज ओझा**ले नेपाली कांग्रेसका नेता एवं **परराष्ट्रमन्त्री नारायणप्रकाश साउद**सँग गरेको कुराकानीः



**नारायणप्रकाश साउद**
परराष्ट्रमन्त्री साउद

**वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको छ । यस अवधिमा सरकारको काम गराई र जनअपेक्षालाई यहाँ कसरी मूल्यांकन गर्नुहुन्छ ?**

गत वर्षको आमनिर्वाचनपछि वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको छ । यस अवधिमा धेरै महत्त्वपूर्ण काम भएका छन् । जोखिममा रहेको अर्थतन्त्रलाई केही प्रयत्न गरेर सही ट्र्याकमा ल्याउने काम भएका छन् । सार्वजनिक खर्चमा सरकारलाई मितव्ययी बनाइएको छ ।

विकासका आयोजनामा नियमनका लागि विभिन्न कोसिस भएका छन् । सबै कुरा उत्कृष्टरूपमा भएका छन् भन्न त गाह्रो छ तर सकारात्मक रूपमा नै अगाडि बढेका छन् । सरकार गठन भएपछि भ्रष्टाचारका नयाँनयाँ काण्ड भएका छैनन् । सरकारको भ्रष्टाचारविरोधी छवि निर्माण भएको छ । आमजनसमुदाय र मातहतका निकायमा पनि सरकारले स्वच्छतालाई महत्त्व दिएको भन्ने सन्देश प्रवाहित भएको छ, यो सकारात्मक कुरा हो । मुलुकमा करिब ३० प्रतिशतका दरले विप्रेषण बढेका कारण अर्थतन्त्र अलिकति भए पनि सुधार आउने कुरामा सहयोग गरेको छ ।

विभिन्न राजनीतिक दलसहितको गठबन्धनबाट वर्तमान सरकार बनेका कारण गठबन्धनमा केही अस्थिरता आउँछ कि वा तनाव हुन्छ कि भन्ने आशंका भए पनि गठबन्धन एकढिक्का र दृढ रहेको छ । हामी मिलेर काम गरिरहेका छौं । राजनीतिक स्थायित्व र शान्ति सुरक्षाको परिस्थितिमा सुधार आएको छ ।

**तपाईंले सम्हालेको मन्त्रालयमा यस अवधिमा मुलुकको कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सुधारमा के-के प्रमुख कार्यहरू भए त ?**

अन्तर्राष्ट्रिय सम्बन्धका हकमा पनि महत्त्वपूर्ण पहलकदमी लिइएका छन् । यसअघि बेलाबेला अन्तर्राष्ट्रिय सम्बन्ध तनावयुक्त भएको देखिन्थ्यो । छिमेकी मुलुकसहित अन्य मुलुकसँग पनि आन्तरिक राजनीतिक खपतका लागि ज्यादा विवाद र बहस देखिन्थ्यो तर अहिले एक वर्षमा अन्तर्राष्ट्रिय सम्बन्धमा व्यापक सुधार आएको छ । भारतसँगको मित्रता थप सुदृढ भएको छ र प्रधानमन्त्री दाहालको चीन भ्रमण पनि सफल भएको छ । चीनसँगको मित्रतालाई पनि हामीले महत्त्व दिएका छौं । अन्तर्राष्ट्रिय मञ्चजस्तै संयुक्त राष्ट्रसंघमा नेपालको शान्ति प्रक्रियालाई नेपाली आफैंले दुनियाकै अगाडि उदाहरणीयरूपमा समाधन गर्न सक्छौं भन्ने कुरा दर्बिलोसँग राखेका छौं ।

जलवायु परिवर्तनका विषयमा हामीले विश्वव्यापीरूपमा नेतृत्व गरेका छौं । हिमालको संवेदनशीलतालाई हामीले विश्वव्यापीकरण गरेका छौं । यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गर्नुभएको नेपालको भ्रमण ऐतिहासिक रहृयो । उहाँको भ्रमण हरेक दृष्टिकोणले महत्त्वपूर्ण सावित भएको छ । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) मा पनि महासचिव गुटेरेसले नेपाललाई दिनुभएको महत्त्वले हाम्रा मुद्दाले प्राथमिकता पाउन र उजागर गर्न सहज बन्यो । त्यस्तै प्रधानमन्त्री दाहालले कोप-२८ मा सहभागिता जनाइ पर्वतीय एजेण्डाका विषयमा छुट्टै गोलमेच बैठक गर्नु नेपालका लागि ऐतिहासिक सावित भएको छ । उहाँको सहभागिता, प्रस्तुति र नेपालको अग्रसरताको विश्वले प्रशंसा गरेको छ ।

म आफैंले संयुक्त राज्य अमेरिका, दोहा सम्मेलन, मानवाधिकारको ७५औं वर्षका अवसरमा जेनेभामा आयोजित सम्मेलनमा सहभागिता जनाउनुका साथै भ्रमण गरेको थिएँ । भ्रमणमा नेपालको प्रस्तुतिले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा पनि परिपक्वताका साथ अघि

- जोखिममा रहेको अर्थतन्त्रलाई केही प्रयत्न गरेर सही ट्र्याकमा ल्याउने काम भएका छन् ।
- सरकार गठन भएपछि भ्रष्टाचारका नयाँनयाँ काण्ड भएका छैनन् । सरकारको भ्रष्टाचारविरोधी छवि निर्माण भएको छ ।
- एक वर्षमा अन्तर्राष्ट्रिय सम्बन्धमा व्यापक सुधार आएको छ । भारतसँगको मित्रता थप सुदृढ भएको छ र प्रधानमन्त्री दाहालको चीन भ्रमण पनि सफल भएको छ ।
- विपिन जोशीको उद्धार र रिहाइका लागि अन्तर्राष्ट्रिय रेडक्रस, कतारका प्रधानमन्त्रीसम्मलाई म आफैंले भेटेर पहल गरिदिन आग्रह गरेको छु ।
- मुलुक बनाउने काम हप्ता दिन वा महिनामा हुँदैन यो एक प्रक्रिया हो र प्रक्रिया गतिशील र तीव्र हुनुपर्छ, यसमा हाम्रो प्रतिबद्धता छ ।

बढ्न खोजेका छौं भन्ने सन्देश प्रवाह भएको छ । भर्खरमात्र श्रीलंकाका विदेशमन्त्रीले नेपालको औपचारिक भ्रमण गर्नुभएको छ भने दुई हप्तापछि भारतका विदेशमन्त्री नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ । भारतीय विदेशमन्त्रीको यो भ्रमणमा पनि द्विपक्षीय सम्बन्ध थप मजबुत बनाउने विषयमा छलफल हुने छ । समग्र परिस्थिति हेर्दा अरु ज्यादा गर्न सकिन्थ्यो कि भन्ने हुटहुटी हुनु स्वाभाविक हो । तैपनि परिस्थिति सन्तोषजक नै छ जस्तो लाग्छ ।

**वर्तमान सरकार गठनयता जनजीविकाका सवालमा प्रत्यक्ष प्रभाव पार्ने काम के के भएका छन् ?**

जनतालाई खास असर पर्ने कुरा भनेको महँगी हो । पूर्णरूपमा नियन्त्रण गर्न नसकिए पनि महँगी विस्तार हुने कुरा रोकिएको छ । महँगीलाई नियन्त्रणभित्र राखिएको छ । नेपालीलाई नेपालभित्र काम गर्ने वातावरण निर्माणमा विभिन्न काम भएका छन् । आर्थिक उपार्जनका लागि विदेश नै जानुपर्छ भन्ने छैन भन्ने सन्देश प्रवाह गर्ने कोसिस गरिरहेका छौं । विदेशी लगानी भित्र्याउने सन्दर्भमा प्रदेश र केन्द्रमा पनि लगानी सम्मेलन गर्ने तयारी भइरहेका छन् । यसले आर्थिक गतिविधि चलायमान हुने विश्वास लिएका छौं ।

यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि पहलकदमी लिएका छौं । प्रधानमन्त्रीले पनि भ्रष्टाचार नियन्त्रणका लागि सुशासनलाई उच्च महत्त्व दिनुभएको छ । रोजगारी सिर्जना खासै गर्न सकिएको छैन । तर आर्थिक गतिविधि बढाउन सकेमात्र रोजगारी सिर्जना हुने हो । आर्थिक तनाब र दबाबबाट मुलुकलाई बाहिर निकाल्न सकेपछि आर्थिक गतिविधि बढ्ने विश्वास लिएका छौं । नबिग्रिने गरी विकासको गतिविधि पनि अग्रगामी नै छ ।

**मुलुकमा विदेशी लगानी भित्र्याउन आर्थिक कूटनीतिमार्फत यहाँले के पहल गर्नुभयो ?**

मैले संयुक्त राज्य अमेरिका भ्रमणका सिलसिलामा पनि लगानी भित्र्याउने सम्बन्धमा त्यहाँको चेम्बर अर्फ कमर्ससँग बैठक गरेको थिएँ । त्यहाँको लगानी भित्र्याउने सम्बन्धमा लगानीकर्तासँग पनि भेटवार्ता गरी छलफल गरेको छु । लगानी कर्पोरेसनसँग पनि कुरा भएको छ र युएसएआइडीले पनि लगानी बढाउन सहजीकरण गर्ने कुरा भएको छ । सूचना प्रविधि क्षेत्रमा अमेरिकी लगानी आउने सम्भावना बढेको छ । अमेरिकाले नेपालमा संयुक्त लगानीमा रासायनिक मल कारखाना स्थापना गर्न सकिन्छ भनेको छ ।

त्यस्तै भारत भ्रमणका बेला भारत सरकारले १० हजार मेगावाट विद्युत् २५ वर्षसम्म किन्ने सुनिश्चित गर्ने कुरा भएको थियो । यसलाई भारतीय विदेशमन्त्रीको आसन्न भ्रमणका बेला सम्झौतामा लैजाने कोसिस गरिरहेका छौं । चीनसँगको सम्बन्धमा पनि थप सुधार भएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा सुधार आएको छ र राम्रो भएको छ । कुनै पनि ठाउँका सम्बन्धमा तनाव आएको छैन । नेपालले विश्वव्यापीरूपमा देखिनेगरी काम गरिरहेको छ । सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने हाम्रो प्रयास होस् वा विश्वव्यापी तापमान वृद्धिलाई विश्वव्यापी एजेण्डाका रूपमा स्थापित गरेर नेपालले नेतृत्व गर्ने सन्दर्भ होस् । चाहे शान्ति प्रक्रियालाई उदाहरणीयरूपमा स्थापित गर्ने कुरामा होस् विभिन्न उपलब्धिहरू भएका छन् ।

**इजरायलमा हमासको आक्रमणमा परी हालसम्म अज्ञात अवस्थामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि के पहल गरिरहनुभएको छ ?**

विदेशमा ठूलो संख्यामा नेपाली नागरिक छन् । विदेशमा नेपाली समुदायलाई राज्यले कसरी रेखदेख गर्छ भन्ने चिन्ता चासोका बीच इजरायलमा नेपाली अप्ठ्यारोमा परेका बेला उद्धार गर्न नेपाल सरकारको एक सदस्यका हैसियतमा म स्वयं इजरायल गएको थिएँ । एकाएक भएको उक्त आक्रमणमा १० नेपाली विद्यार्थीले ज्यान गुमाउनुपरेको दुःखद् घटना भएको थियो । इजरायल सरकारको सहयोगमा अप्ठ्यारोमा परेका नेपालीलाई उद्धारका साथै मृतकका शव परिवारलाई बुझाउने काम भएको छ । यसले जहाँ नेपाली आपत्मा हुन्छन्, त्यहाँ नेपाल सरकार साथमा हुन्छ भन्ने सन्देश गएको छ ।

विपिन जोशीको उद्धार र रिहाइका लागि अन्तर्राष्ट्रिय रेडक्रस, कतारका प्रधानमन्त्रीसम्मलाई म आफैंले भेटेर पहल गरिदिन आग्रह गरेको छु । अहिलेसम्मको विवरणअनुसार विपिन जोशीको जीवन सुरक्षित नै छ । आउँदो युद्धविराममा हामी विपिनलाई छुटाउन सफल हुने छौं भन्ने मेरो दृढ विश्वास छ ।

**रूसी सेनामा नेपाली युवा भर्ना भएका र हाल केहीको मृत्यु भएको तथा केही युक्रेनमा बन्दी बनाइएको भन्ने कुरा आएको छ, यसमा सरकारले उद्धारका लागि के पहल गरिरहेको छ ?**

रुसी सेनामा केही नेपाली नागरिक भर्ना भएको र त्यसमध्ये सात जना मारिएको भन्ने सूचना रुसी सरकारले नै दिएको छ । यसबाहेक १०० जना हाराहारीमा हराइरहेका र घाइते भएकाको उजुरी मन्त्रालयमा आएको छ । उनीहरूका परिवार र साथीभाइले खबर गरेका छन् । यसका लागि नेपालस्थित रुसका राजदूतलाई मन्त्रालयमा बोलाएर हाम्रा चासोहरू रुसी सरकारसम्म पुऱ्याउनका लागि स्पष्ट सन्देश दिएका छौं । मस्कोस्थित नेपाली दूतावासलाई पनि राष्ट्रिय मानवअधिकार आयोगको चासोलाई समेत राखेर नेपाल सरकारको दृष्टिकोण सम्प्रेषण गरेका छौं । यसमा हामी प्रयत्न गरिरहेका छौं ।

रुसमा नेपाली नागरिक सैन्य भर्तीका लागि जान नपाउन् वा नजाउन् भनेर 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी)को प्रबन्ध गरेका छौं । दक्षिण एसियाको भारत, बंगलादेश र श्रीलंका तथा खाडी क्षेत्रका छ देशबाट एनओसी चाहिनेगरी प्रबन्ध मिलाएका छौं । यसपछि पनि थप केही त्यहाँ गएको भन्ने सूचना आएको अवस्थामा विमानस्थलमा थप निगरानी बढाएका छौं । यसमा हामीले आफ्नोतर्फबाट गर्ने पहलकदमीमा केही कसर बाँकी राखेका छैनौं । कुनै कारणवस अप्ठ्यारोमा परेर हाम्रो दूतावासमा पुगेकाको उद्धार गरेका छौं । नेपाल फिर्ता गरेका छौं ।

करिब २०० जना काम गर्न, अध्ययन र भ्रमण भिसामा रुस गएका नेपाली युवा त्यहाँको सेनामा भर्ना भएको आशंका गरिएको छ । त्यसभन्दा केही बढी भर्ना भएको हुनुपर्छ भन्ने हो । किनभने १०० जना हाराहारीमा हराइरहेका र घाइते भएकाको उजुरी मन्त्रालयमा आएको छ । यो संख्या २०० भन्दा बढी रहेको हुनसक्ने हाम्रो अनुमान छ ।

यससँगै युक्रेनमा बन्दी बनाइएकाका हकमा हामी युक्रेन सरकारको सम्पर्कमा छौं । युक्रेन हेर्ने हाम्रो राजदूतले उद्धारका लागि वार्ता संवाद गरिरहनुभएको छ । दिल्लीस्थित नेपाल हेर्ने युक्रेनको राजदूतावासमा पनि कुरा भइरहेको छ । अन्तर्राष्ट्रिय रेडक्रसलाई युद्ध बनाइएका चार नेपालीलाई तत्काल रिहाइका लागि सहजीकरण गरिदिन आग्रह गरेका छौं । यसको परिणाम चाँडै आउँला भन्ने मैले विश्वास लिएको छु ।

**मन्त्रालयको भावी योजना र कार्यक्रम के छ ?**

मन्त्रालयले मूलतः परराष्ट्र नीतिलाई हेर्ने हो । परराष्ट्र नीतिमा पहिलेको जस्तो हामीबाट असन्तुलन पैदा गर्ने काम भएको छैन । परराष्ट्र नीति सन्तुलित नै छ । छिमेकीसँग पनि हाम्रो सम्बन्ध राम्रो छ । विश्वका शक्ति राष्ट्रसँग पनि हामीले सम्बन्धमा सुधार गरिहेका छौं । हाम्रो सम्बन्धमा सुधार छ । सन् २०१८ मा मन्त्रालयमा सुधारका लागि श्रीधर खत्रीको संयोजकत्वमा समिति बनाइएको थियो । समितिले तयार गरेको प्रतिवेदन कार्यान्वयन गर्न कार्यदल बनाएको छु ।

यसबाहेक कन्सुलर शाखामा हुने सेवाग्राहीको भीडलाई व्यवस्थित गर्न एनओसीका लागि वा प्रहरी रिपोर्टका लागि कार्यालयमा जान नपर्ने अनलाइनमा हुने व्यवस्था गरेका छौं । केही सुधार गरेर राहदानीको नवीकरण पनि अनलाइनबाट नै हुनेगरी काम गरिरहेका छौं । यसले विदेशमा बस्ने नेपालीलाई ठूलो राहत हुने छ । मन्त्रालयमा आर्थिक महाशाखा खोल्नेगरी 'ओ एण्ड एम' भइरहेको छ । अबको अभियान भनेको डेलिभरी पनि हो, तसर्थ आर्थिक कूटनीतिका लागि आर्थिक महाशाखा बनाउने तयारीमा छौं । यसको प्रतिवेदनपछि आप्रवासन महाशाखा पनि हुने र यसले विदेशमा कामका लागि गएका नेपालीको सबै मुद्दामा आवश्यक काम गर्ने संयन्त्र बनाउने गरी तयारी गरेका छौं ।

नेपाल सरकारबाट इमान्दार प्रयत्न गरेर काम गर्ने कोसिस भइरहेको छ । काम गर्दा कमीकमजोरी छैनन् भन्ने होइन । त्यसमा प्रतिपक्षीले केही रायसुझावका लागि आवाज उठाउँछ भने पनि त्यसलाई सहजरूपमा लिएका छौं । तर मुलुकको विकास, संस्थाको काम गर्ने पद्धतिको स्थापनाबाट हुन्छ । यसका लागि उचित र सही बाटोमा मुलुक जानुपर्ने हुन्छ । त्यो वातावरण बनाउन सबै लाग्नुपर्छ । अस्थिरता र अविश्वास फैलाउने तथा नकारात्मक सन्देश प्रवाह गर्ने कुराले मुलुक बनाउन सकिँदैन । मुलुक बनाउने काम हप्ता दिन वा महिनामा हुँदैन यो एक प्रक्रिया हो र प्रक्रिया गतिशील र तीव्र हुनुपर्छ, यसमा हाम्रो प्रतिबद्धता छ र हामीले यसमा इमान्दारीका साथ काम गरिरहेका छौं ।

# बजेट अभावले कुष्ठरोग निवारण अभियान प्रभावित

**राँझा (बाँके)**– जिल्लामा बजेट अभावका कारण कुष्ठरोग निवारण अभियान प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन । जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखामा कुष्ठरोग निवारणका लागि अभियान सञ्चालन गर्न बजेट नभएपछि अभियानका काम रोकिएको हो ।

उक्त कार्यालयका क्षय कुष्ठ स्रोतव्यक्ति रवीन्द्र साहले रोग निवारण अभियानका लागि बजेट नभए पनि स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमका लागि भने प्राविधिक सहयोग गर्दै आएको बताए । उनले अभियान सञ्चालन गर्नका लागि बजेट नभएकाले बिरामी खोजपडताललगायत गतिविधि अगाडि बढाउन नसकिएको उल्लेख गरे । जिल्ला स्वास्थ्य कार्यालयमात्रै नभएर स्थानीय तहमासमेत कुष्ठरोग निवारणका लागि बजेट छैन ।

जानकी गाउँपालिका स्वास्थ्य शाखा संयोजक दलबहादुर रानाले विगतको तुलनमा रोगीको संख्या कम भए पनि रोग निवारणको लक्ष्य भेटाउन सबैले आ-आफ्नो क्षेत्रबाट प्राथमिकताका साथ लाग्न जरुरी भएको उल्लेख गरे । नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्दले कुष्ठरोगको निवारण चुनौतीपूर्ण रहेको बताए । समाजमा अहिले पनि रोगीहरू लुकेर बसेको हुनसक्ने भएकाले खोजीका लागि शिविर सञ्चालनको आवश्यकता रहेको उनको भनाइ थियो ।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले जिल्लामा कुष्ठरोग निवारणका लागि आवश्यक बजेट विनियोजन गर्न आफूले स्थानीय तहसँग पहल र सरोकारवाला निकायबीच थप सल्लाह गरिने बताए ।

जिल्लामा आइएनएफद्वारा सञ्चालित साइनिङ अस्पतालले कुष्ठरोगीको खोजपडताल र उपचार गर्दै आएको छ । गत आर्थिक वर्षमा १२६ कुष्ठरोगीको पहिचान भएको अस्पतालका प्रमुख मंगलबहादुर थारूले जानकारी दिए । उनका अनुसार पहिचान भएकामध्ये ५५ बाँकेका र २७ बर्दिया जिल्लाका रहेका छन् । अन्य बिरामी लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका छन् । नयाँ कुष्ठरोगीमा बालबालिका पनि परेका छन् ।

आफूकहाँ आएका बिरामीका साथै ठाउँठाउँमा शिविर सञ्चालन गरेर कुष्ठरोगीको खोजपडताल गर्दै आइएको अस्पतालका प्रमुख थारूले बताए । उक्त अस्पतालमा अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा १५७ जना कुष्ठरोगीको पहिचान भएको थियो । *रासस*

# भरतपुरमा राडारसहितको क्यामरा जडान गरिने

**चितवन (प्रस)**– चितवनको भरतपुर महानगरपालिकाले महानगरभित्र राडारजडित क्यामरा जडान गर्ने भएको छ । मुख्य सहरी क्षेत्रमा महानगरले ४१६ उच्चस्तरीय राडारजडित क्यामरा जडान गर्न लागेको हो ।

यसरी सडकमा जडान गरिएका क्यामराले तीव्र गतिमा गुडिरहेको सवारीसाधनको पहिचान गरी त्यसको अभिलेख प्रहरी कार्यालयको नियन्त्रण कक्षमा रहेको सर्भर र क्यामरा दुवैमा रहने छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार महानगरभित्र पहिलो चरणमा १३७ क्यामरा जडान गर्ने योजना छ । स्थान छनोट, उपकरण र प्राविधिक विषयमा प्रहरीले अध्ययन गरिरहेको उनले बताए ।

प्रहरी नायब उपरीक्षक पण्डितले भने, 'क्यामरा जडान गर्न प्राविधिक र सुरक्षाको काम प्रहरीले गर्छ । अन्य काम महानगरपालिकाले गर्ने छ ।' पहिलो चरणमा महानगरको मुख्य बजार क्षेत्र र राजमार्गमा क्यामरा जडान गर्न लागिएको उनले बताए । राजमार्गमा तीव्र गतिका कारण हुने सडक दुर्घटना तथा अन्य आपराधिक घटना बढ्दै गएका र त्यसको छिटो पहिचानका लागि यसप्रकारका क्यामरा सहयोगी हुने प्रहरी नायब उपरीक्षक पण्डितले बताए । 'यसबाट ट्राफिक व्यवस्थापनमा सहज हुने छ । ट्राफिक प्रहरीलाई सडकमा उभिनु पर्दैन,' उनले भने ।

महानगर उपप्रमुख चित्रसेन अधिकारीले महानगरका २९ वटै वडामा क्यामरा जडान गरिने बताए । 'यहाँका बासिन्दाको सुरक्षामा चुनौती थपिँदै गएको छ । जनतालाई सुरक्षित महसुस गराउन क्यामरा जडान गर्न लागिएको हो,' उनले भने । भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानाका अनुसार सबै वडामा क्यामरा जडानका लागि करिब १० करोड रूपैयाँ खर्च हुने छ ।

# तटबन्ध निर्माण ढिलाइले पीडामा कुतियाकवरवासी

**महेन्द्रनगर (कञ्चनपुर)**– कञ्चनपुरको दोधाराचादँनी नगरपालिका-१० सीमा बस्ती कुतियाकवरमा तटबन्ध निर्माणमा ढिलाइ भएको छ । तटबन्ध निर्माण गर्न ठेक्का लिएको निर्माण कम्पनीले बेवास्ता गर्दै आएको छ । महाकाली र जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर बस्ती दुवै तर्फबाट जोखिममा छ । वस्ती जोगाउन २०० मिटर तटबन्ध निर्माणको योजना अघि बढाइएको थियो । सो कार्यको जिम्मा लिएको महेन्द्रनगरस्थित जोशी निर्माणले काम गर्न ढिलाइ गरेको छ ।

कुतियाकबरका स्थानीयवासीले हिउँदमा जसरी पनि तटबन्ध निर्माण गर्न आग्रह गर्दै आएका छन् । 'अहिले नदीमा पानी घटेकाले निर्माण गर्न सहज हुन्छ, बर्खामा काम गर्न सकिन्न,' स्थानीय बहादुरसिंह सुनारले भने, 'नदीले बर्सेनि बर्खामा खेतीयोग्य जमिन कटान गर्दै आएको छ ।' वि.सं. २०२० मा बसेको सीमा बस्ती बाढीको निरन्तर कटान र डुबानकै कारण हालसम्म यहाँबाट १०० भन्दा बढी परिवार विस्थापित भइसकेको उनले बताए ।

बाढीले जग्गा कटान गर्दा बस्ती पातलिँदै गएको छ । अब यहाँ ४२ परिवारको मात्रै बसोबास छ । बर्खामा नदीको भंगालो गाउँ पस्दा जमिन बालुवाले भरिएको छ । बालुवाका कारण उब्जनी घट्दै गएको छ । जनताको तटबन्ध फिल्ड कार्यालय नं ७ महेन्द्रनगरका प्रमुख श्रीप्रसाद यादवले महाकाली नदीको झोलुंगे पुलदेखि दक्षिण कुतियाकवरसम्म महाकालीको तटबन्ध मर्मत र कुतियाकवरमा २०० मिटर तटबन्ध निर्माणको सम्झौता भएको बताए । 'दोधारा-चाँदनी झोलुंगे पुल नजिक मर्मतको काम चलिरहेको छ,' उनले भने, 'कुतियाकवरमा ढुंगालगायत निर्माण सामग्री लैजान समस्या भएकाले काममा ढिलाइ भएको हो ।'

कुतियाकवरमा एक किलोमिटरभन्दा बढी लम्बाइको तटबन्ध निर्माण भएमात्रै जमिन जोगिने अवस्था रहेको प्रमुख यादवले भने । कुतियाकवर बस्ती जोगाउन आवश्यक पर्ने तटबन्ध निर्माणका लागि बजेट अभाव भएको उनको भनाइ छ । कुतियाकवर सीमा बस्ती जोगाउन र महाकालीको तटबन्ध मर्मतका लागि गत वर्ष १६ करोड ८५ लाख रूपैयाँमा ठेक्का दिइएको थियो ।

दोधारा चादँनी नगरपालिका-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले वर्षात्अघि तटबन्ध निर्माण नभए बस्तीसँगै सीमा नै जोगबुढा नदीमा समाहित हुने अवस्था रहेको बताए । 'कुतियाकवर बगे नेपाल-भारत सीमा नै जोगबुढा नदीमा परिणत हुन्छ,' उनले भने । निर्माण अघि पारी कुतियाकवर जान जोगबुढामा अस्थायी बाटो बनाउनुपर्ने वडाध्यक्ष सिंहको भनाइ छ ।

'कुतियाकवरको झोलुंगे पुल वरपर २२० मिटर तटबन्ध बनिसकेको छ,' उनले भने । दलित र विपन्न समुदायको बसोबास रहेको सीमा बस्तीसम्म पुग्न जोगबुढामा झोलुंगे पुल बनेपछि सहज भएको हो । *रासस*


प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
को
**विशेष साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः पौष ११, २०८०**

यस कम्पनीको मिति पौष १०, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

तपशिल

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८० पौष २६ गते ।
समय : बिहान ९:०० बजे ।
स्थान : कम्पनीको रजिष्टार्ड कार्यालय, का.जि.का.म.न.पा. ३२, काठमाडौं ।

**प्रस्तावहरु :**
१) कम्पनीको प्रबन्धपत्रको दफा ६ संशोधन गरी पूँजी बृद्धी गर्ने सम्बन्धमा ।
२) कम्पनीको नियमावलीको नियम २७ संसोधन एवं थप गर्ने सम्बन्धमा ।
३) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र/नियमावलीका प्रस्तावित संशोधनहरूमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४) स्वपूँजी लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा ।
५) विविध ।

संचालक समिति
प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
का.म.न.पा. ३२, काठमाडौं
फो.नं. ०१-५९०४९६१, ०१-५९०४९६४



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASEANIS FOOD SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT. No. 283587 | चलानी नं.६०१९९०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ERA SUPPORT COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT. No.293239 | चलानी नं. ६०२०८४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 7 | 0 | 1000 | ३५,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०
Pigeon International Overseas Pvt. Ltd
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAED MOHAMMED AL-UMMER GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०९/०८ | LT. No. 296994 | चलानी नं. ६०२१२०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 9 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ देखि २० गते (3-5 Jan. 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAISAL MA'EEDH AL-MIHMADI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०९/०९ | LT. No. 297063 | चलानी नं. ६०२१२०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1500 | ५३,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMAM ABDO RESTAURANTS COMPANY FOR GRILLS

पुर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT. No. 283033 | चलानी नं. ६०१९८४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1800 | ६३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SMART SNAKE CAR SERVICES COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 297042 | चलानी नं. ६०२१२०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 5 | 0 | 1200 | ४२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH BIN NASSER BIN MOHSEN AL HASHEM FOODSTUFF STORES

पुर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 296999 | चलानी नं. ६०२१२०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## ZERO COST RECRUITMENT FOR MALAYSIA
## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup !
Free Visa Processing! No Recruitment Fee ! Free Food, accomdation &TransportationFrom Interview To Deployement.

नि : शुल्क भिसा, निः शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, निःशुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म निःशुल्क यातायात, आवास र खाना

COMPANY: ENCOMPAS INDUSTRY SDN.BHD
कम्पनी : इन्कम्पास इन्डष्ट्रि एसडीयन.बीएचडी.

Pre Approval Date : 2022-06-25 | Post Approval Date : 2023-12-26 | LT. No. 265686 | Invoice No. 60181774
पूर्व स्वीकृति मिति : २०७९/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१० | एल टि न. २६५६८६ | चलानी नं. ६०१८१७७४

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलवः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker (Manufacturing Sec.) | ४०० 400 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

1. Candidates who have passed both the pre-screening and pre-interview stages are the only ones allowed to attend the final interview.
१. पूर्व स्क्रिनिङ र पूर्व-अन्तर्वार्तामा उतीर्ण भएका उम्मेद्वारहरु मात्र अन्तिम अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।
2. Nepal's government has implemented a strict rule banning the use of sub-agents. Therefore, our recruitment process expressly forbids the involvement of any intermediaries or middlemen.
२. नेपाल सरकारले कुर्न पनि एजेन्ट वा सब-एजेन्टको प्रयोग कानूनी रुपले वन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई अनुमती दिइने छैन ।
3. Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
३. आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
4. We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
४. यस मास ह्युमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौं ।
5. Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
५. मास ह्युमन प्रा.लि "शून्य भर्ती शूल्क" सम्बन्धी सून्य सहनशिलताको साथ निष्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
6. If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-01- 4983080 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
६. हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-०१-४९८३०८० वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईको गोपनियत कायम राख्नेछौं ।

Interview will be conducted on 3rd Jan, 2024 in Office Premises.
अन्तर्वाता मिति २०८० पौष १८ गते कार्यालय परिसरमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीबन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

An ISO 9001:2015 CERTIFIED COMPANY
Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068

# प्रभाव दैनिक

बुधबार ११, पुस २०८० (Wednesday, December 27, 2023)


रूपशाला

## 'हाम्रो जे भने नि तिमी' सार्वजनिक

अभिनेता राजेश हमालको अभिनय रहेको 'हाम्रो जे भने नि तिमी' बोलको गीत सार्वजनिक भएको छ । डा.रमिल अधिकारीको शब्द, ज्ञानेन्द्र गिरीको संगीत रहेको गीतमा गायक सुप्रिम मल्ल ठकुरी र गायिका ज्यास्परको स्वर छ । गीतको एरेन्ज विशाल निरौलाले गरेका हुन् । सन्तानका लागि बाबुको प्रेम देखाउन खोजिएको भिडियोमा अभिनेता हमालको अलावा गायक गायिका सुप्रिम मल्ल ठकुरी र ज्यास्परको अभिनय छ । भिडियोको निर्देशन प्रकाश धितालले गरेका हुन् । भिडियोमा उत्सव दाहालको छायांकन, विकाश दाहालको सम्पादन रहेको छ । गीतकार अधिकारी नेपाल सरकारको तर्फबाट न्युजिल्याण्डका लागि पर्यटन दूतका रूपमा पनि कार्यरत छन् ।



# मिस नेपाल हङकङको उपाधि अञ्जनालाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** मिस नेपाल हङकङको उपाधि अञ्जना पुनले जितेकी छन् । सोमबार आयोजित ग्राण्ड फिनालेमा सीमा गुरुङ फस्ट रनर-अप र सेरेना राई सेकेण्ड रनर-अप घोषित भए ।

यो प्रतिस्पर्धालाई मिस नेपाल आयोजक संस्था द हिडन ट्रेजरले समेत मान्यता दिएको छ । फिनालेमा सहभागि हुन हिडन ट्रेजरका निर्देशक प्रमोद कंशाकार र कोरियोग्राफर रचना गुरुङ शर्मा पनि हङकङ पुगेका थिए । यी दुबैजना जजको रूपमा सहभागि थिए ।

मिस नेपाल हङकङ सोसाइटीले आयोजना गरेको प्रतिस्पर्धा डायस्पोराको ठूलोमध्येको एक सौन्दर्य प्रतियोगिता हो । उक्त फिनालेको होस्टमा मिस नेपाल इन्टरनेसनल तथा अभिनेत्री शुभेच्छा खड्का थिइन् ।

फिनालेमा प्रतिस्पर्धीले सांस्कृतिक पोशाकमा प्रस्तुति समेत दिएका थिए भने गीत संगीत पनि प्रस्तुत गरिएको थियो । बिजेता, उपविजेता र सहविजेतासहित फिनालेमा निशा मल्ल, एलिसा लिम्बु र अञ्जना पुन फाइनलिस्ट थिए ।

## 'यो मन त मेरो नेपाली हो' मेरिकामा छायांकन हुने

**काठमाडौं (प्रस)–** फिल्म 'यो मन त मेरो नेपाली हो'को दोस्रो चरणको छायांकन अमेरिकामा हुने भएको छ । नेपालीभाषी भुटानी साहित्यकार मित्र प्रधान निर्देशित यो फिल्मको पहिलो चरणको छायांकन नेपाल र भारतमा गरिएको छ ।

निर्देशक प्रधानले बाँकी छायांकन अमेरिकामा हुने जानकारी दिए । नेपालको झापा, इलामसहित भारतको सिक्किम, दार्जिलिङ, जयगाउँ लगायतका ठाउँमा फिल्म छायांकन गरिएको थियो । फिल्ममा रोशन श्रेष्ठ, विल्सनविक्रम राई, आयुषा समाल, बुद्धि तामाङ 'हैट', विजय बराल, मेघ सुवेदी, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा लगायतको अभिनय हुनेछ ।

पद्मा ईश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुति रहेको फिल्मले विदेशमा बसोबास गर्ने नेपालीको कथावस्तुलाई उठान गर्छ । साथै नेपाली भाषा, संस्कृति र परम्पराको जगेर्नाको सन्देश दिने निर्देशक प्रधानले बताए ।

# फेब्रुअरी ९ बाट जापान र कोरियामा 'हात्तीछाप'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली फिल्मका लागि विदेशी बजार लगानी उठाउने बलियो माध्यम बनिरहेको छ । दर्शकले प्रतीक्षा गरेका फिल्महरूले विदेशी बजारबाट राम्रो रकम भित्र्याउन सफल भएका छन् ।

यस्तैमा माघको २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हात्तीछाप' दर्शकको प्रतीक्षित सूचिमा छ । 'दिमाग खराब' रिलिज भएपछि सुनसान बनेको नेपाली फिल्मको बजार अब यो फिल्मले उकास्ने अपेक्षा धेरैको छ ।

यसैबिच यो फिल्म फेब्रुअरी ९ तारिखबाट जापान र दक्षिण कोरियामा रिलिज हुने भएको छ । फिल्मको रिलिज सहित जापान र कोरिया वितरणको जिम्मा टिम यूएनएले लिएको हो । यूएनए इन्टरटेन्मेन्टले फिल्मको प्रचार जापान र कोरियामा धमाधम गरिरहेको छ । 'फिल्मको टिजर सार्वजनिक भएपछि जापान र कोरियाका दर्शकले हात्तीछापलाई प्रतीक्षा गरिरहनुभएको छ । यसले हामीलाई अझै उत्साहित बनाएको छ', टिम यूएनएका प्रबन्ध निर्देशक उज्वल गुरागाँइले भने । किरण नेपालीको प्रस्तुतिमा सिमोस सुनुवारको निर्देशन रहेको फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, सुष्मा निरौला, विल्सन विक्रम राई लगायतका कलाकारको अभिनय छ ।

# गढीमाई मन्दिरमा वेब सिरिज 'कैंची'को शुभमुहूर्त

**काठमाडौं (प्रस)–** सिमराको जितपुरस्थित गढीमाई मन्दिरमा वेब सिरिज 'कैंची'को शुभमुहूर्त गरिएको छ । पौष १३ अर्थात् अंग्रेजी नयाँ वर्षको अवसर पारेर यो सिरिजको छायांकन सुरु गरिनेछ । दशैंको अवसर पारेर टिजर सार्वजनिक गर्दै निर्माण टिमले यो सिरिजको निर्माण घोषणा गरेको थियो ।




मधेशको सेटअपमा कथा लेखिएको सिरिजमा अभिनेता कामेश्वर चौरासिया, आमिर गौतम, पूजा ठाकुर, सुनिता पासवान, घनश्याम गिरी, दीपक चन्द, प्रदीप ढकाल, हरिश विक्रम खडायत, शुभम भुमियार, रियाज आचार्य, दिपक आरजे र सरोज शाको अभिनय रहनेछ । सत्य घटनाबाट प्रभावित वेब सिरिजमा पारिवारिक सम्बन्ध र त्यसले ल्याउने कलहलाई प्रस्तुत गर्ने तयारी निर्माण टिमको छ । बिशेषगरी नेपालको तराई क्षेत्रमा घट्ने विभिन्न घटनामा यो सिरिज बन्ने छ । कैँचीको कथा अभिनेता कामेश्वर चौरासिया र पटकथा तथा संवाद कामेश्वर र निर्देशक नरेशनाथ योगीले लेखेका हुन् । यो सिरिजको निर्देशन नरेश आफैले गर्दैछन् ।

बड्डी इन्टरटेनमेन्ट र अक्स इन्टरनेशनल स्टुडियोको प्रस्तुतीमा निर्माण हुने सिरिजको निर्माताामा गणेश प्रसाद बाघ र कार्यकारी निर्माताामा समिर खरेल रहेका छन् । मित्र डि गुरुङको सम्पादन, मनिष भट्टको मुख्य सहायक निर्देशन, सुमित राज भट्टको एसोसियट निर्देशन, निहाल नरेन सिंहको कला निर्देशन र निसाल पौडेलको डिओपी वेब सिरिजमा रहनेछ ।

रंगशाला

# 'खेल पर्यटनको विकास गर्न सरकारले कुनै कसर बाँकी राख्दैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेल पर्यटनको विकास गर्न सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । वर्तमान सरकारले एक वर्ष पूरा गरेको अवसरमा आज देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, 'सुविधा सम्पन्न खेल मैदानबिना नै नेपाली क्रिकेट खेलाडीले विश्वकपको यात्रा तय गरे । विश्वकपको तयारीका लागि कुनै कसर बाँकी राखिने छैन ।'

गत कात्तिकमा नेपालमै सम्पन्न भएको खेलमा नेपालले संयुक्त अरब इमिरेटस् (युएई) लाई आठ विकेटले पराजित गर्दै विश्वकपको यात्रा तय गरेको थियो । नेपाली खेलाडीले प्राप्त गरेको सफलतासँगै अब देशमा खेल पर्यटनको ठूलो आधार तयार भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसका



लागि पूर्वाधार निर्माणमा जोड दिएको बताए ।

कीर्तिपूरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा विस्तार गरिने तथा मूलपानी, विराटनगर र कैलालीको फाप्ला क्रिकेट मैदानलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गर्न लागिएको प्रधानमन्त्री दाहालले जानकारी दिए । उनले चितवनको गौतमबुद्ध क्रिकेट रङ्गशालालाई पनि राष्ट्रिय गौरवकै आयोजनाको रूपमा तीन तहकै सरकारको समन्वयमा निर्माण गर्न थालिएको बताए ।

'सरकारले देशको गौरव बढाउने युवा क्रिकेट खेलाडी, प्रशिक्षक र व्यवस्थापन टोलीलाई सम्मानसहित पुरस्कृत गर्दैआएको छ', प्रधानमन्त्री दाहालले भने, 'दक्षिण एशियाली र एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने दुई सय ५२ खेलाडीलाई मासिक भत्ता पनि उपलब्ध गराएको छ । यी प्रोत्साहनसँगै सरकारको ध्यान अब पूर्वाधार निर्माणमै केन्द्रित छ ।' ग्रासरुटबाटै खेलाडी, खेलकुद र खेल पूर्वाधारको विकास गरी खेल पर्यटनको ठूलो सम्भावना हासिल गर्न सरकारले कुनै कसर नछाड्ने प्रधानमन्त्री दाहालको भनाइ छ ।

# सूर्य नेपाल एनपिजिए म्याच प्ले आजदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले आज बुधबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ । यो प्रतियोगितामा गत सिजन अर्डर अफ मेरिटमा पर्न सफल उत्कृष्ट १६ जना खेलाडीले खेल्न पाउने छन् ।

तर, यसपटक नेपालका नम्बर एक खेलाडी शुक्रबहादुर राईसँगै उत्कृष्ट १६ मा पर्ने चारजना खेलाडीले सहभागिता जनाउने छैनन् । सोही कारणले अर्डर अफ मेरिटको उत्कृष्ट २० सम्म पर्न सफल खेलाडीले यो प्रतियोगितामा दावेदारी प्रस्तुत गर्नेछन् ।

शुक्रसँगै १४औं वरीयताका टंकबहादुर राई, १५औं वरीयताका बलभद्र राई र १६औं वरीयताका कमल तामाङले व्यक्तिगत कारणले प्रतियोगिता नखेल्ने भएका हुन् ।

चार खेलाडीले नाम फिर्ता लिंदा अर्डर अफ मेरिटमा दोस्रो स्थानमा रहेका भुवन नगरकोटी यो प्रतियोगिताका टप सिडेड खेलाडीको रूपमा रहने छन् । १७औं वरीयताका दीपक मगर, १८औं वरीयताका तोरणविक्रम शाही, १९औं वरीयताका प्रदीपकुमार लामा र २०औं वरीयताका रामकृष्ण श्रेष्ठले म्याच प्लेमा स्थान बनाएका छन् । म्याच प्लेको ड्रअनुसार, भुवन नगरकोटीले पहिलो चरणमा रामकृष्ण श्रेष्ठसँग खेल्ने छन । तेस्रो वरीयताका नीरज तामाङको सामना १९औं वरीयताका प्रदीपकुमार लामाले गर्नेछन् । डिफेन्डिङ च्याम्पियन तथा चौथो वरीयताका दिनेश प्रजापतिले तोरणविक्रम शाहीसँग खेल्ने छन् ।

यसैगरी दीपक मगरले पाँचौं वरीयताका जयराम श्रेष्ठलाई प्रतिद्वन्द्वीको रूपमा पाएका छन् । पहिलो चरणकै अर्को खेलमा



छैटौं वरीयताका सञ्जय लामा र १३औं वरीयताका शिवराम पौडेलबिच प्रतिस्पर्धा हुनेछ । सातौं वरीयताका रवि खड्काको सामना १३औं वरीयताका रमेश अधिकारीले गर्नेछन् । अर्को खेलमा आठौं वरीयताका रामे मगर र ११औं वरीयताका सूर्यप्रसाद शर्माबिच क्वार्टरफाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ ।

यसैगरी नवौं वरीयताका धनबहादुर थापा र १०औं वरीयताका भुवनकुमार रोक्काले पहिलो चरणको खेलमा एकअर्काको सामना गर्नेछन् । पहिलो चरणका विजेता आठ खेलाडी क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । क्वार्टरफाइनल खेलहरू बिहीबार हुनेछन् । सेमिफाइनल खेल शुक्रबार हुनेछ ।

पहिलो चरण, क्वार्टरफाइनल, सेमिफाइनल र तेस्रो स्थानको खेल १८ होलको हुनेछ । शनिबार हुने फाइनल खेल भने ३६ होलको हुनेछ । खेलाडीहरूले कुल दुई लाख ५० हजार रूपैयाँ नगद पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन् । पहिलो चरणमा पराजित हुने आठ खेलाडीले जनही ६ हजार र क्वार्टरफाइनलमा पराजित चार खेलाडीले जनही ११ हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

विजेताले ६० हजार प्राप्त गर्दा दोस्रो हुने खेलाडीले ४२ हजार तथा तेस्रो र चौथो हुने खेलाडीले क्रमशः ३२ हजार र २४ हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । नेपाल पीजीएका अध्यक्ष रविन्द्रमान श्रेष्ठले व्यावसायिक गल्फमा निरन्तर सहयोग गरेकोमा प्रमुख प्रायोजक सूर्य नेपाल प्रालिलाई धन्यवाद दिए ।

# ललितपुर सिटी दोस्रो क्वालिफायरमा

**काठमाडौं (प्रस)–** ललितपुर सिटी मंगलबार डिफेन्डिङ च्याम्पियन काठमाडौं रेजर्समाथि ३-० को रबाफिलो जितसहित नेपाल सुपर लिग (एनएसएल) को दोस्रो क्वालिफायरमा पुगेको छ । दशरथ रंगशालामा भएको इलिमिनेटरको प्रतिष्पर्धामा ललितपुर सिटीले लिग चरणको अन्तिम खेलमा बेहोरेको हारको बदला लिँदै दोस्रो क्वालिफायरमा स्थान बनाएको हो । लिग चरणमा काठमाडौं रेजर्सले ललितपुर सिटीलाई १-० ले हराउँदै क्लालिफायरमा स्थान बनाएको थियो ।

मंगलबार हारको बदला लिने क्रममा ललितपुर सिटी काठमाडौं रेजर्समाथि पूर्ण रूपमा हाबी भयो । कप्तान तथा डिफेन्डर अञ्जन राईले रातो कार्ड सामना गरेपछि काठमाडौं रेजर्सले अन्तिम १६ मिनेटसम्म एक खेलाडीबिना नै खेल्यो । तर, थप गोल भने नबेहोरे पनि ललितपुर सिटीलाई ३-० ले नतिजा सुम्पिन बाध्य भयो ।

ललितपुर सिटीले अब बिहीबार दोस्रो क्वालिफायरमा पोखरा थन्डर्ससँग खेल्नेछ । पोखरा थन्डर्सले पहिलो क्वालिफायरमा धनगढी एफसीसँग हार व्यहोरेको थियो । त्यसअघि दिनेश हेन्जनले १५औं मिनेटमा गोल गर्ने सुन्दर अवसर गुमाउँदा ललितपुर सिटी खेलमा अग्रता बनाउन चुक्यो ।

इमोन इजेकिलले काठमाडौं रेजर्सका डिफेन्डरलाई बिट गराउँदै दिएको पासमा अनमार्क दिनेश सहज गोल गर्न असफल भएका हुन् । ललितपुर सिटीले ३६ औं मिनेटमा इजेकिलको गोलबाट अग्रता लियो । दुई मिनेटपछि नै काठमाडौं रेजर्सका सोखरुखको फ्रिकिक प्रहार ललितपुर सिटीका गोलकिपर जेफ्री विली मार्सलका लागि चुनौती भएन । ४३औं मिनेटमा आदित्य शाक्यले लेफ्ट साइडबाट गरेको सट काठमाडौं रेजर्सका गोलकिपर अन्जल श्रेष्ठले पन्च गर्दै बाहिर पठाइदिए ।

सोही क्रममा प्राप्त कर्नरबाट ललितपुर सिटी खेलमा फर्कियो । ललितपुर सिटीले पापा केबेको गोलबाट अग्रता दोब्बर पारे ।



**उच्च गतिको रेल यात्रा** | दक्षिणपश्चिम चीनको युनान प्रान्तमा रहेको लिजियाङ-सांग्री-ला रेलवेमा उच्च-गतिको रेल । *तस्बिर: सिन्ह्वा*

# युक्रेनद्वारा क्रिमियामा रुसी जहाज ध्वस्त

**किभ–** युक्रेनको वायुसेनाले मंगलबार उसले क्रिमिया प्रायद्वीपमा ड्रोन बोकेको आशंकामा मस्कोको किभविरुद्धको युद्धमा प्रयोग गरिएको रुसी जहाजलाई ध्वस्त पारेको बताएको छ । वायुसेनाको रणनीतिक उड्डयनले फिओडोसिया क्षेत्रमा रूसी संघको ब्ल्याक सी फि्लटको नोभोचेर्कस्क जहाजलाई क्रुज मिसाइलले आक्रमण गरेको युक्रेनले दाबी गरेको छ ।

फिओडोसिया रूसी नौसेनाको कब्जा गरिएको क्रिमियन प्रायद्वीपस्थित आधासर शिविर हो । स्रोतले बताएअनुसार सो विमान रुसले युक्रेनका विरुद्ध नियमितरूपमा प्रयोग गर्ने इरानी विष्फोटक ड्रोनसँग सम्बद्ध रहेको आशंका गरिएको छ । वायुसेना कमान्डेन्ट माइकोला ओलेचचौकले फिओडोसियामा रहेको रुसी नौसैनिक आधारमा भएको ज्वलन्त विष्फोटको भिडियो पोस्ट गरेका छन् । *रासस/एएफपी*

# राष्ट्रसंघीय खाद्य निकायले अफगानिस्तानका लागि सहायता कटौती गर्ने

**काबुल–** संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले बजेट अभावका कारण अफगानिस्तानलाई दिँदै आएको सहायता कटौती गर्ने घोषणा गरेको खामा प्रेसले बताएको छ ।

सोमबार प्रकाशित भिडियोमा डब्लुएफपीले कडा जाडो मौसममा बजेट अभावका कारण करिब एक करोड मानिसलाई खाद्य सहायता घटाउन बाध्य हुनुपरेको बताएको छ । साथै उसले अन्तर ष्ट्रिय निकायहरूसँग हालको जाडोमा अफगानिस्तानका जनतालाई सहयोग गर्न आह्वानसमेतगरेकोछ।डब्लुएफपीले अफगानहरूलाई पहिलाभन्दा धेरै सहयोगको आवश्यकता रहेकामा जोड दिएको छ ।

खामा प्रेसको रिपोर्टअनुसार विश्वको सबैभन्दा खराब खाद्य असुरक्षा भएका आठ मुलुकमध्ये अफगानिस्तान पनि एउटा रहेको उक्त संगठनले जनाएको छ । अफगानिस्तानका जनता अहिलेको चिसो मौसमको सुरुआतबाट नराम्रोसँग प्रभावित भएको पनि उसले बताएको छ ।

यसैबीच युरोपेली युनियन (इयू) ले अफगानिस्तानमा खाँचोमा परेकालाई सहयोगका लागि दुई करोड ५० लाख युरो सहयोग गरेको डब्लुएफपीले घोषणा गरेको थियो । खामा प्रेसका अनुसार शासन परिवर्तन, आप्रवासीहरूलाई निर्वासित गर्ने संकट, मुलुकमा हालै गएको भूकम्प, पानीको कमी, जलवायु परिवर्तन र हालैको खडेरीका कारण अफगानिस्तानमा गरिबी बढेको छ र विशेषरूपमा महिला र बालबालिकाहरूमा नकारात्मक असर परेको छ । यसले अफगानिस्तानमा आवश्यकताको स्तरमा वृद्धि भएको छ ।

टोलो न्युजको रिपोर्टअनुसार अफगानिस्तानमा बालबालिका तथा सशस्त्र द्वन्द्वका लागि राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधिले एक रिपोर्टमा मुलुकमा बालबालिका गम्भीर उल्लंघनका लागि उच्च जोखिममा रहेको बताएका छन् ।

अफगानिस्तानस्थित खामा प्रेसका अनुसार यसअघि मानवीय सहायता समन्वयका लागि राष्ट्रसंघीय कार्यालय (ओसिएचए) ले इयूले अफगानिस्तानको मानवीय सहायतामा ३० लाख युरो सहयोग गरेको बताएको थियो । ओसिएचएका अनुसार इयूले प्रदान गरेको कोषले सहायता एजेन्सीहरूलाई सम्पूर्ण अफगानिस्तानमा खाँचोमा परेका लाखौंलाई आवश्यक सहायता र सुरक्षा दिन सक्षम बनाउने छ । *रासस/एएनआई*

# नाइजेरियामा आक्रमण: १६० जनाको मृत्यु

**अबुजा–** मध्य नाइजेरियाका गाँउमा भएको शृंखलाबद्ध आक्रमणमा कम्तीमा १६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले सोमबार बताएका छन् ।

बोक्कोसस्थित स्थानीय सरकारी क्षेत्रको गाउँ मुसुमा गोठाला र किसानबीच भएको झडपमा १६ जनाको मृत्यु भएको छ । बोक्कोस, पठार राज्यको स्थानीय सरकारका अनुसार ११३ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

झडपमा घाइते भएका ३०० भन्दा बढी व्यक्तिलाई बोक्कोस, जोसलगायतका अस्पतालमा सारिएको छ । स्थानीय रेडक्रसको अस्थायी टोलीले बोक्कोस क्षेत्रका १८ गाउँमा १०४ जनाको मृत्यु भएको उल्लेख गरेको छ । संसद्का सदस्य डिक्सन चोलोमका अनुसार बार्किन लाडी क्षेत्रका थुप्रै गाउँहरूमा कम्तीमा ५० जनाको मृत्यु भएको छ ।

यो घटना पठारमा गत मे महिना यताकै सबैभन्दा हिंस्रक घटना हो । सो घटनामा किसान र गोठाला बीचको झडपमा १०० भन्दा बढीको मृत्यु भएको थियो । नियमितरूपमा हुँदै आएका सशस्त्र आक्रमणले नाइजेरियाको उत्तरी र मध्य क्षेत्रमा गम्भीर सुरक्षा खतरा बढेको छ । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Adka General Contracting Company

पुर्व स्वीकृति मिति २०८०/०९/१० | LT No :297061 | चलानी नं. ६०२१२०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 12 | 0 | 1200 | ४२,६५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 2 | 0 | 2000 | ७१,०८८ | | | | | | | |

कम्पनी : ALSEEF ALSHARQI COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०२/२८ | पून स्वीकृति मिति: २०८०/०९/१० | LT. No. 287552 | चलानी न. ६०२०१९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 14 | 0 | 1500 | ५३,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १७ गते (2nd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF SECURITY SERVICES L.L.C

पुर्व स्वीकृति मिति २०८०/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT No :286660 | चलानी नं. ६०२०२१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 0 | 1600 | ५८,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,
98510-23416, 98510-02766, 9813-951511, 9813-906565, 9810-195400
Email: ganapatioverseas258@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

कम्पनी : STELLA LUGENTI LADIES BEAUTY SALON COMPANY

पुर्व स्वीकृति मिति: २०८०/०८/२९ | LT. No. 296320 | चलानी नं. ६०२११५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 5 | 150 | ६५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ७ गते (23rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**

Govt. License 1165/073/074

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISTISHERAT ALEMIA PROJECT MANAGEMENT SERVICES EST.

पूर्व स्वीकृति मिति: २०८०/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT. No. 292094 | चलानी नं. ६०२०७५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 4 | 0 | 1500 | ५४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 6 | 0 | 1100 | ३९,७२० | | | | | | | |
| 3 | Messenger | 3 | 2 | 1100 | ३९,७२० | | | | | | | |
| 4 | Office Cleaner | 3 | 0 | 1100 | ३९,७२० | | | | | | | |
| 5 | Purchasing Representative | 4 | 0 | 1500 | ५४,१६५ | | | | | | | |
| 6 | Sales Supervisor | 1 | 0 | 2000 | ७२,२२० | | | | | | | |
| 7 | Site Supervisor | 1 | 0 | 1500 | ५४,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM NILGIRI RECRUITMENT PVT. LTD.**

Govt. License 1621/079/80

Chapalkarkhana, Maharajgunj, Kathmandu, Tel: 015918589, Mobile: 9761617777
Mail: omnilgiri@gmail.com, Web: www.omnilgiri.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RITE FURNITURE INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१० | LT. No. 275751 | चलानी नं. ६०१९१७७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Govt. License 1503/074/75

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOMOU AL THANI BEVERAGES SERVICES EST.

पूर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No. 297037 | चलानी नं.६०२१२०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. 267/058/059

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAIBA CARPET FACTORY CO LTD

पूर्व स्वीकृति मिति २०८०/०९/०९ | LT. No.291628 | चलानी नं. ६०२१२०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 1 | 0 | 1500 | ५३,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**

Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२०५०० | प्रति तोला – ११९९०० | प्रति तोला – १४८५ |

## मुलुकको अर्थतन्त्र सुधारोन्मुख छ : अर्थमन्त्री



■ प्रभाव संवाददाता

**चितवन–** अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्र सुधारोन्मुख भएको बताएका छन् । मंगलबार भरतपुर विमानस्थलमा कुराकानी गर्दै उनले अर्थतन्त्रका सूचक सकारात्मक देखिएका बताएका हुन् । अर्थमन्त्रीले भने, 'नेपालमा भविष्य छैन, यहाँ लगानी गर्नु हुँदैन भन्ने नकारात्मक प्रचार अन्त्य भएको छ, अब लगानीको वातावरण बनेको छ ।' उनले भने, 'यहाँ अब केही गर्न हुँदैन भन्ने प्रचार भयो, तर वास्तवमा त्यस्तो होइन, तथ्याङ्कले देखाएको छ ।' लगानीको वातावरण बिथोल्न खोजिएको भए पनि यसलाई चिरेर सहज अवस्थामा अर्थतन्त्र आएको उनले बताए ।

अर्थमन्त्रीले भने, 'लगानी गर्नेहरूको आत्मविश्वास बढेको छ, नियोजित प्रचार गर्नेको नियत सबैले बुझेका छन्, लगानी गर्दा पहिचान गरेर लगानी गरौं भन्ने सन्देशका साथ अघि बढे भविष्य सुन्दर छ ।' उनले निर्धक्क भएर लगानी र खर्च गर्न आग्रह गर्दै प्रतिफल प्राप्त हुने उद्योगमा खर्च गर्ने सरकारको नीति रहेको स्पष्ट गरे ।

सेयरबजार विस्तारै माथि गइरहेको भन्दै अर्थमन्त्रीले भने, 'घरजग्गा कारोबारमा सुधार भएको छ, उल्लेख्य मात्रामा पर्यटक भित्रिएका छन्, पूर्वाधारमा लगानी केन्द्रिकृत गर्ने हो भने प्रशस्त मुनाफा आर्जन हुन्छ ।' अथाह सम्भावनाको पर्यटन क्षेत्रमा लगानी गर्न उनले आह्वान गरे । विदेशी मुद्रा सञ्चिति सन्तुलित रहेको भन्दै उहाँले विप्रेषण पनि सकारात्मक रहेकाले अर्थतन्त्र सुधारोन्मुख रहेको दोहोऱ्याए ।

राष्ट्र बैंकको पछिल्लो निर्णयले अप्ठ्यारो परेका व्यवसायीलाई सम्बोधन गरेको उनले बताए । उनले भने, 'नीतिगत व्याजदर घटेको छ, त्यसको प्रभाव बैंकहरूमा देखिन थालेको छ ।' असल नियतका साथ काम गर्नेलाई सरकारले सहयोग गर्दै आएको छ । 'बैंकको ऋण तिर्दैतिर्दिन भन्न कसैले पनि पाउँदैन, कुत्सित स्वार्थले गरिएका प्रचारको प्रतिवाद गर्नुपर्छ', अर्थमन्त्रीले भने ।

# 'वार्षिक नीति तथा कार्यक्रम र बजेटको शैली फेर्छु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्षदेखि सरकारले वार्षिक नीति तथा कार्यक्रम र बजेटको शैली परिवर्तन गर्ने बताएका छन् । आफ्नो एकवर्षे कार्यकालको उपलब्धि सार्वजनिक कार्यक्रमका क्रममा देशवासीका नाममा सम्बोधन क्रममा प्रधानमन्त्री दाहालले पुरातन शैलीको नीति तथा कार्यक्रमले नतिजा दिन नसकेको स्वीकार गर्दै अब नयाँ शैली अपनाइने बताएका हुन् ।

'बजेट निर्माणको परम्परागत तरिकाले एकातिर प्राथमिकताप्राप्त आयोजनामा बजेट विनियोजन हुन सकेन भने अर्कोतिर खर्चको सही आकलन पनि हुन सकेन, यसको प्रत्यक्ष असर पुँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भयो', प्रधानमन्त्री दाहालले भने, 'यस वर्षदेखि नीति, योजना र बजेट निर्माणको परिपाटी फेरेर नयाँ तरिकाले जाने तयारीमा छु, हाम्रो वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीलाई परम्परागत धारबाट भिन्न बनाउनै पर्दछ ।' आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता यही फागुनमा सार्वजनिक गर्ने तयारी सरकारले गरिरहेको पनि उनले बताए । बजेटको सिद्धान्त र प्राथमिकता समयमै सार्वजनिक गरेर त्यसमाथि जनप्रतिनिधि तथा आम नागरिकको सुझाव लिइने पनि उनको भनाइ छ ।

बजेट निर्माणको परम्परागत तरिका भत्काउने उद्घोष गर्दै प्रधानमन्त्री दाहालले दुई अङ्कको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्नेगरी नीतिगत, संरचनागत र कानुनी सुधारका काम सरकारले गर्ने पनि उनले स्पष्ट पारे । गत वर्षको तुलनामा उपभोक्ता मूल्यवृद्धि घटेको उनको भनाइ छ ।



विकास र समृद्धिको यात्रा सन्तोषजनक नभए पनि सरकारले अधिकतम प्रयास गरिरहेको पनि उनको भनाइ छ । आफ्नो नेतृत्वको सरकार पूर्ण रूपमा सफल भएको दाबी आफूले नगर्ने पनि दाहालले बताए । 'आज म यो सम्बोधनबाट देशवासीसामु स्वीकार गर्दछु कि, सरकार असफल त भएन, तर मेरो आफ्नै हुटहुटीअनुसारको परिणाम पनि आएको छैन, म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधारको चिन्तामा छु', प्रधानमन्त्री दाहालले भने, 'देश कति बन्यो भन्ने होइन, देश कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु यही चिन्ता र आत्मसमीक्षाका साथ सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली फेरिन्छ ।'

केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक कुनै पनि सार्वजनिक कार्यक्रममा नजाने उद्घोष पनि प्रधानमन्त्री दाहालले गरेका छन् । उनले भने, 'केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक कुनै पनि सार्वजनिक कार्यक्रममा नगएर नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास तथा सुशासनमा रहेका समस्या समाधानमा लाग्ने निष्कर्षमा छु, सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानविन्दु हुनेछ, यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दैछु ।'

### ठूला जलविद्युत् आयोजना निर्माण प्राथमिकता

त्यस्तै प्रधानमन्त्री दाहालले नेपालको जलविद्युत् क्षेत्रमार्फत विकास र समृद्धिको लक्ष्य हासिल गर्न ठूला जलविद्युत् आयोजनाको निर्माणलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन् । प्रधानमन्त्री दाहालले सरकारको ध्यान अब 'गेम चेञ्जर' ठूला जलविद्युत् आयोजनामा केन्द्रित हुने बताए । नेपालले छिमेकी मुलुकमा विद्युत् बजार पाउनसक्ने पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै सरकारले सोही अनुरूप विद्युत् उत्पादन, प्रसारण तथा वितरण र बजार व्यवस्थापनको योजना बताइरहेको बताए । छिमेकी मुलुक भारत, बङ्गलादेश र चीनसमेत नेपालको विद्युत् व्यापारका साझेदार बन्ने परिस्थिति तयार भएकाले अब सरकार 'गेमचेन्जर' ठूला जलविद्युत् आयोजनाहरूमा लागेको प्रधानमन्त्री दाहालले बताए ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा लगाइँदै आएको पूर्वाधार करसमेत सोही आयोजनालाई उपलब्ध गराइने र स्रोतको अभाव हुन नदिने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले अबको तीन वर्षभित्र सम्पन्न गर्ने गरी नेपाल विद्युत् प्राधिकरणबाट १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको थप अध्ययन सुरु भएको जानकारी दिए ।

त्यस्तै, केही ठूला आयोजनामा लगानी जुटाउने प्रयास भइरहेको उनले बताए । 'एक हजार नौ सय दुई मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको छ । नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनालाई सरकारका तर्फबाट पर्याप्त सहजीकरण भइरहेको छ', प्रधानमन्त्री दाहालले भने, 'एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण आयोजनालाई लगानी जुटाउने कार्य अन्तिम चरणमा पुगेको छ । आउँदो दुईदेखि तीन महिनाभित्र टेस्टिङ कमिसनिङ भइरहेका थप आयोजनाहरूबाट करिब पाँच सय ६४ मेगावाट विद्युत् उत्पादन हुनेछ ।' हालसम्म नौ हजार एक सय ६४ मेगावाटका जलविद्युत् आयोजनाको निजी क्षेत्रसँग विद्युत् खरिद सम्झौता सम्पन्न भएको र जसमध्ये यस वर्षमात्र करिब दुई हजार दुई सय मेगावाट बराबरको विद्युत् खरिद सम्झौता सम्पन्न भएको पनि प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

## सुपरमाई हाइड्रोको उत्पादन बन्द

**इलाम (प्रस)–** इलाममा सञ्चालित सुपरमाई हाइड्रोपावरको उत्पादन स्थानीयद्वारा बन्द गरिएको छ । हाइड्रोले छोड्नुपर्ने जति पानी खोलामा नछोडेको र स्थानीयको माग सम्बोधन नगरेको भन्दै स्थानीयवासीले सोमबार रातिदेखि उत्पादन बन्द गराएका हुन् ।

इलाम नगरपालिका र माईजोगमाई गाउँपालिकाबीचको माईखोलामा हाइड्रोपावर सञ्चालित छ । स्थानीयले खोलाको पानी हाइड्रोमा जान नदिई बगरमा पानी कटाइदिएको स्थानीय हरि भण्डारीले जानकारी दिनुभयो । सो हाइड्रोपावरले माईजोगमाई-५ सोताङमा ३० घण्टा सडक मर्मतका लागि स्काभेटर उपलब्ध गराउने भन्दै स्थानीयलाई पटकपटक झुक्याएका कारण हाइड्रोको उत्पादन बन्द गर्नुपरेको उनले बताए । 'खोलामा छोड्नुपर्ने २० प्रतिशत पानीसमेत उहाँहरूले छोड्नु भएको छैन,' भण्डारीले भने ।

सुरुमा स्थानीयवासीले माग गरेको ३० घण्टा सडक मर्मतका लागि स्काभेटर दिने भनिएको र वडाबाट सिफारिस लिएर आउन आग्रह भएको थियो । माईजोगमाई गाउँपालिका-५ वडा कार्यालयको सिफारिससहित जाँदासमेत स्काभेटर उपलब्ध नगराएपछि उत्पादन बन्द गराउनु परेको बताइएको छ । स्थानीयवासीले सोमबार रातिदेखि नै जाग्राममा बसेर उत्पादन बन्द गराएका हुन् । सबै पानी खोलातर्फ लगाइदिएपछि उत्पादन पूर्ण रूपमा बन्द भएको छ । माग पूरा नभएसम्म आन्दोलन नरोकिने स्थानीयको भनाइ छ ।

## विदेशबाट फर्केर तरकारी खेती



**भोजपुर–** विदेशको अनुभव र भोगाइले आफ्नै ठाउँमा कृषिमा लाग्नेको संख्या भोजपुरमा बढ्न थालेको छ । विदेशबाट फर्केर स्वदेशमा कृषि व्यवसायमार्फत धेरैले मनग्य आम्दानी गर्दै आएका छन् । भोजपुरको रामप्रसादराई गाउँपालिका-८ खोक्सिकका मनिराज राई विदेशबाट फर्केर व्यावसायिक तरकारी खेतीमा लागेका छन् । दशवर्ष विदेश बसेका राई अहिले गाउँमा कृषि उद्यममा जोडिएका हुन् । उनले गोलभेडा, बन्दा, फुलकोभी, गाँजरलगायत तरकारीको व्यावसायिक खेती गरिरहेका छन् ।

वडा कार्यालयको पहलमा आवश्यक तालिमसँगै औजार तथा उपकरण पाएपछि व्यवसायमा थप सहजता भएको राईले बताए । 'विदेशमा गरेको दुःख र अनुभव आफ्नै ठाउँमा उपयोग गर्ने उद्देश्यले परिवारसँग मिलेर तरकारी खेती सुरु गरेको छु । अहिले प्रशस्त आम्दानी भइरहेको छ', उनले भने ।

कृषिमा लाग्ने युवालाई राज्यले विभिन्न प्रोत्साहनमूलक कार्यक्रम गरेर सहयोग गरिरहेको राईको भनाइ थियो । करिब दुई रोपनी क्षेत्रमा तरकारी खेती लगाइएको उनले जानकारी दिए । तरकारी व्यवसायबाट प्रशस्त आम्दानी गर्न सकिने देखेपछि यसको विस्तारमा जोड दिइएको राईले बताए । 'स्वदेशमा व्यावसायिक भएर काम गर्न सकियो भने प्रशस्त आम्दानी गर्न सकिने रहेछ,' उनले भने ।

तरकारी खेतीबाट सबै खर्च कटाएर मासिक रूपमा रू २० देखी २५ हजारसम्म आम्दानी हुने गरेको राईले जानकारी दिए । खेतीलाई थप विस्तार गरेर आम्दानीलाई अझ बढाउने लक्ष्य रहेको उनले योजना सुनाए । उत्पादन भएको तरकारी स्थानीय बजारमा खपत हुने उनको भनाइ छ । वडा कार्यालयले व्यावसायिक रूपमा तरकारी खेतीमा जुटेका किसानको पहिचान गरेर उनीहरूको व्यावसायिक योजनाको आधारमा अनुदानसँगै तालिम तथा कृषियन्त्र, उपकरण सहयोग गर्दै आएको छ ।

यहाँका कतिपय ठाउँ भौगोलिक रूपमा उर्वरभूमि रहेकाले कृषिलाई प्राथमिकतामा राखेर काम गरिरहेको वडाध्यक्ष बाचकुमार राईले बताए । भावी दिनमा व्यावसायिक खेतीका लागि माटोको परीक्षण गरेर माटो सुहाउँदो बाली लगाउन प्रोत्साहन गरिने उनको भनाइ थियो । 'आर्थिक रूपमा किसानलाई सक्षम बनाउन कृषिमा जोड दिन आवश्यक छ', वडाध्यक्ष राईले भने, 'स्थानीयवासीलाई व्यावसायिक कृषिमा जोड्न आवश्यक काम गरिरहेका छौँ ।

किसानलाई तरकारी खेती, व्यावसायिक बाख्रापालन, विभिन्न सीपमूकल तालिम दिँदै आएका छौँ । अहिले व्यावसायिक कृषिमा लाग्नेको संख्या बढ्दो छ ।' किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणमासमेत सहयोग गर्ने लक्ष्य रहेको वडाध्यक्ष राईले जानकारी दिए । *रासस*

जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ